मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
✆ 9808835198
✆ 9807170995
✆ 9803474311
✆ 9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com
Madheshdristi National Daily




• वर्ष १ • अंक १३० • २०७९ साल चैत ८ गते बुधबार • Wednesday 22, Mar. 2023 • पृष्ठ ८ • मूल्य रु. ५/-

## सचिवको पदीय विवादले मन्त्रालयका काम ठप्प

### *कनिष्टलाई दोहोरो जिम्मेवारी, वरिष्ठ भूमिकाविहीन*

मधेशदृष्टि
जनकपुरधाम, ७ चैत । मधेश प्रदेशको महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालयमा सचिव पदका लागि विवाद भएको छ । दुई उपसचिवलाई निमित्त सचिवको जिम्मेवारी दिइएपछि विवाद बढेको हो । विवादले मन्त्रालयको कामकाज नै केही दिनदेखि ठप्प छ ।

२०७५ मा संघीय सरकारको समायोजनबाट बढुवा भएर शिक्षा तालिम केन्द्र, बारा कलैयामा २०७९ पुस २ गते महेन्द्र महतो हाजिर भएका थिए । तर उनलाई काज सरुवामा महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालयमा निमित्त सचिवको जिम्मेवारी सम्हाल्ने गरी बोलाइयो । उनी मन्त्रालयमा पुस २ गते नै हाजिर भए ।




यहीबेला मधेश प्रदेश सभाका निमित्त सचिवसमेत रहेका रञ्जित यादवलाई समेत मुख्यमन्त्री कार्यालयबाट दोहोरो जिम्मेवारीमा महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालयको निमित्त सचिवको जिम्मेवारी दिइयो । यादव २०७९ साउन प्रदेश सरकारको बढुवामा उपसचिव भएका हुन् ।

यसरी दुवै उपसचिवलाई एउटै मन्त्रालयमा मुख्यमन्त्री कार्यालयले निमित्त सचिवको जिम्मेवारी दिएपछि विवाद उत्पन्न हुँदा मन्त्रालयको कामकाज ठप्प भएको छ । केही दिनसम्म दुवै सचिवबीच विवाद भएन । तर मन्त्रालयको खाता निमित्त सचिव यादव र सहलेखापाल सुशील यादवको

- बाँकी पृष्ठ ६ मा

## प्रधानमन्त्रीलाई वीरगंजको समस्या सम्बोधन गर्न आग्रह



मधेशदृष्टि, वीरगंज, ७ चैत ।
पर्सा क्षेत्र नम्बर १ का सांसद प्रदीप यादव, वीरगंज महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंह वीरगंजका समस्या सम्बोधनका लागि प्रधानमन्त्री पुष्पकमल दहाल प्रचण्डकहाँ पुगेका छन् ।

प्रधानमन्त्री निवास बालुवाटारमा मंगलबार भएको भेटमा वीरगंजको विकास र समृद्धिका लागि आफूहरुले राखेको माग सम्बोधन गर्न प्रधानमन्त्री दाहाल सकारात्मक देखिनु भएको नगर प्रमुख सिंहले बताए । पर्साबाट निर्वाचित सांसद यादवसँगै नगर प्रमुख सिंहले वीरगंजको विकास र समृद्धिका लागि मुख्य बजार क्षेत्रको सडक विस्तार, सिर्सिया नदी प्रदुषण मुक्त बनाइने, रिङरोड निर्माण तथा ग्रेटर वीरगंजबारे प्रधानमन्त्रीको ध्यानाकर्षण गराएका थिए ।

देशकै प्रमुख आर्थिक केन्द्र तथा प्रवेशद्वार भए पनि वीरगंज सधैँ राज्यबाट उपेक्षामा पर्दै आएको दुखेसो पोख्दै वीरगंज महानगरपालिकाका नगर प्रमुख सिंहले देशको ६० प्रतिशत राजस्व असुली गरी मुलुकको विकासमा विशिष्ट पहिचान बनाएको वीरगंजलाई समृद्ध बनाउन सरकारले ठोस कार्यक्रम ल्याउनु पर्ने बताए ।

वीरगंजको विकासले देशको राजस्वमा पनि प्रभाव पर्ने हुँदा यहाँ विकासका योजना दिँदा कन्जुस्याइँ नगर्न मेयर सिंहले प्रधानमन्त्री प्रचण्डलाई सुझाव दिए । प्रधानमन्त्री प्रचण्डले वीरगंजको विकासका लागि चाहिने हरेक सहयोग गर्न तयार रहेको बताउनु भएको नगर प्रमुख सिंहले जानकारी दिए । भेटमा जिल्ला समन्वय समिति पर्साका प्रमुख निरन्जन प्रसाद साहसमेत सहभागी थिए ।

## सरकार विस्तार पेचिलो बन्दै

### *गठबन्धन दलहरुको मन्त्रालय भागबण्डा, कांग्रेसबाट को–को बन्दैछन् मन्त्री*



मधेशदृष्टि
जनकपुरधाम, ७ चैत । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले विश्वासको मत लिएपछि अबको कोर्स सरकार विस्तारमा नै केन्द्रित हुने गएको छ । तर सबैलाई समावेश गर्न मन्त्रिपरिषद् विस्तार पेचिलो बन्दै गएको छ ।

दुई महिनामा दोस्रोपटक विश्वासको मत पाएपछि प्रचण्डले २/४ दिनभित्रै सरकार विस्तार हुने बताएका थिए । प्रधानमन्त्री प्रचण्डलाई सोमबार ११ दलले विश्वासको मत दिएका छन् । यसरी विश्वासको मत दिनेमा कांग्रेस, माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी, जसपा, नेकपा एस, जनमत पार्टी, लोसपा, नागरिक उन्मुक्ति, राष्ट्रिय जनमोर्चा र स्वतन्त्र सांसद छन् ।

अहिले सरकारमा माओवादीका ५ र जनमतका एक मन्त्री छन् । अब प्रधानमन्त्रीसँग भएका १६ मन्त्रालय दलीय भागबन्डामा पर्नेछन् । कांग्रेसलाई ८ वटा मन्त्रालय दिँदा ८ वटा मन्त्रालय भागबन्डाका लागि साना दललाई रहनेछन् । साना दलमा जसपा र नेकपा एसले कम्तीमा २/२ मन्त्रालय पाउनेछन् । यस्तै लोसपा,

- बाँकी पृष्ठ ६ मा

## जनमतले बारा-२ मा उम्मेदवारी दिने

मधेशदृष्टि
वीरगंज, ७ चैत ।
बारा संघीय निर्वाचन क्षेत्र नम्बर २ मा हुने उपनिर्वाचनमा डा. सीके राउत नेतृत्वको जनमत पार्टीले पनि उम्मेदवारी दिने तयारी गरेको छ । बारा-२ बाट निर्वाचित जनता समाजवादी पार्टी (जसपा) नेपालका सांसद रामसहाय यादव उपराष्ट्रपति बनेपछि त्यहाँ वैशाख १० गते उपनिर्वाचन हुँदैछ ।



बारा-२ मा जसपाका अध्यक्ष उपेन्द्र यादवलाई गठबन्धनले साझा उम्मेदवार बनाउने चर्चा चलिरहेका बेला जनमत पार्टीले छुट्टै उम्मेदवार उठाउने तयारी गरेको हो । जनमत पार्टीका कोषाध्यक्ष सुरेन्द्रनारायण यादवले बारा-२ मा पार्टीबाट उम्मेदवारी दर्ता हुने बताए । 'गठबन्धन सरकार बनाउन बनेको हो, चुनाव गराउनका लागि होइन,' यादवले भन्ने, 'गठबन्धनले साझा उम्मेदवार बनाउने निर्णय गर्न लाग्दा हामीले पनि आफ्नो कुरा राख्नेछौँ । हाम्रो दलका लागि सहमति नभए उम्मेदवार उठाउँछौँ ।'जनमत पार्टीले बुधबार बारामा पार्टी प्रवेश कार्यक्रम आयोजना गरेको छ ।

कांग्रेस, जसपा, लोसपा लगायत केही नेता तथा कार्यकर्ता जनमतमा प्रवेश गर्न लागेको स्रोतले जनाएको छ । बुधबार पार्टी प्रवेश गर्ने नेतामध्ये एक जनालाई उम्मेदवार बनाइने जनमत पार्टीस्रोतले जनाएको छ । मंसिर ४ को निर्वाचनमा सप्तरी-२ मा जनमत पार्टीका अध्यक्ष सिके राउतले जसपाका अध्यक्ष उपेन्द्र यादवलाई हराएका थिए । यादव पुनः बारा २ बाट चुनाव लडने पक्कापक्की भएसँगै लोसपा, नागरिक उन्मुक्ति पार्टीलगायतका दलसँग छुट्टै चुनावी गठबन्धन गरिने जनमत पार्टीले जनाएको छ ।



# आजपा पालिकास्तरमा पुग्ने



मधेशदृष्टि
गरुडा, ७ चैत । आम जनता पार्टीले सबै पालिकामा कमिटी विस्तार गर्ने भएको छ। रौतहटको कटहरियामा भएको बैठकले जिल्लाको १८ स्थानीय तहमा पालिकास्तरीय र वडास्तरीय कमिटी गठन गर्ने निर्णय गरेको हो। जिल्ला अध्यक्ष एवम देवाही गोनाही नगरपालिकाका पूर्वमेयर धर्मेन्द्र पटेलको अध्यक्षतामा भएको बैठकमा पार्टीका केन्द्रीय सदस्य नरेश साह, संगठन प्रमुख एवम् पूर्व प्रदेश सांसद कुन्दन कुशवाह, मुस्लिम संगठन प्रमुख लालबाबु मंसुरी, केन्द्रीय सदस्य मनोज यादव, नरेश साह, कान्तिदेवी महतो, जिल्ला इन्चार्ज अमर साह, गुजरा नगरपालिकाको मेयरका प्रत्यासी एकरामुल हकलगायतको उपस्थिति थियो।

# खेलकुद र राजनीति नियममा चल्नुपर्छः निधि

मधेशदृष्टि
कञ्चनरुप, ७ चैत । पूर्व उपप्रधानमन्त्री तथा तथा गृहमन्त्री बिमलेन्द्र निधिले नेपालको राजनीतिलाई 'खेलकुदको संज्ञा' दिएका छन् ।
मंगलवार सप्तरीको कञ्चनरुप नगरपालिकाले गरेको दोस्रो मेयरकप खेलकुद प्रतियोगिता उदघाटन गर्दै उनले भने, 'केही दिनदेखि नेपालको राजनीतिक अवस्था चलायमान छ, राजनीतिक गतिविधिका कारण खेलकुदमा पनि असर पर्न सक्छ ।' उनले खेलकुदको नियम, कानुनलाई पूर्ण पालना नगरी अनुशासनहीन कार्यबाट चलाउन खोजे राजनीतिक गन्जागोलको अवस्था खेलकुदमा पनि देखा पर्न सक्ने बताए । नेपाली काँग्रेसको बुद्धिमताले देशमा ठूलो पार्टीसँगै सत्तामा जान सफल भई



राष्ट्रपतिमा जित हासिल गरेको उनको तर्क थियो । 'प्रधानमन्त्री प्रचण्डले शानदार विश्वासको मत पाएका छन् र भोलिबाटै मन्त्रिमण्डलका लागि तयारीमा जुटने कुरा छ,' उनले भने, ' चाँडै सरकार बन्छ, गठबन्धन पाँच वर्ष जान्छ ।'समारोहमा प्रतिनिधिसभा सदस्य दिनेशकुमार यादव, पूर्व प्रतिनिधि सभा सदस्य सूर्यनारायण यादव, मधेश प्रदेशका पूर्व युवा तथा खेलकुद मन्त्री सत्यनारायण मण्डल, प्रदेशसभा सदस्य मोहम्मद सकिल मियाँ, पूर्वसभासद सूर्यनाथ यादवले मेयर कप खेलकुद प्रतियोगिताको प्रशंसा गरेका थिए। मंगलबारको कर्मचारी र जनप्रतिनिधिबीचको ४५ मिनेटको प्रथम फुटवल प्रतियोगितामा कर्मचारी पक्षका टीमले शुन्यका विरुद्ध तीन गोल गरेका थिए । म्यान अफ द म्याचको पुरस्कार कर्मचारी टीमका संजय मेहताले प्राप्त गरेका थिए । १२ वटै वडाका खेलाडी सहभागी खेल तीन चरणमा खेलाइनेछ । क्रिकेट, व्याडमिन्टनमा पालिकाका सबै वडाका खेलाडीको सहभागिता रहने बताइएको खेल वडा नम्बर ३ स्थित बरमझियाको खेदमैदानमा भइरहेको छ।

# तरकारी जफतपछि किसानद्वारा उपमहानगर घेराउ

मधेशदृष्टि
वीरगंज, ७ चैत। बाराका तरकारी किसानले मंगलबार कलैया उपमहानगरपालिकाको कार्यालय घेराउ गर्दै प्रदर्शन गरेका छन् । सयौंको संख्यामा भेला भएका किसानले उपमहानगरपालिका कार्यालय घेराउ गर्दै प्रदर्शन गरेका हुन् ।
कलैया बजारमा किसानलाई सेड उपलब्ध गराउन र नगर प्रहरीले जफत गरेको तरकारीको क्षतिपूर्ति दिन माग गर्दै उनीहरुले प्रदर्शन गरेका हुन्। सेडमा ठाउँ नभएपछि कलैया बजारमा बेच्न राखेको हरियो सागसब्जी तथा तरकारी नगर प्रहरीले जफत गरेकामा किसानले आपत्ति जनाएका छन् । जफत गरिएको तरकारी किसानलाई समयमै फिर्ता दिनुको साटो कुहाएको उनीहरुको गुनासो छ। यसबाट किसानलाई १ लाख रुपैयाँ भन्दा बढी क्षति भएको अनुमान छ । उनीहरुका अनुसार नगर प्रहरीले चैत ३ गते ५० जना किसानले बिक्रीका लागि राखेको तरकारी जफत गरेको थियो।
कलैया उपमहानगरपालिका-८ का रोहित चौरसियाले उपमहानगरले किसानलाई दुःख दिने गरेकाले खेतीपाती छाड्नुपर्ने अवस्था आएको बताए । प्रदर्शनमा उत्रिएका किसानले माग सुनुवाइ नभए थप आन्दोलनका कार्यक्रम अघि सार्ने चेतावनी दिएका छन् । कलैया उपमहानगरपालिका प्रमुख विनोद साहले समस्या समाधानका लागि किसानसँग वार्ता गर्न तयार भएपछि प्रदर्शन रोकिएको छ।


# शिवम बालुवा वासिङ्ग उद्योग

**मधेश प्रदेशको रौतहट जिल्ला अन्तर्गत बृन्दावन नगरपालिकाको कार्यालय वडा न.१ स्थित मिश्रित बालुवाबाट बालुवा प्रशोधन कार्य गर्नको लागि**
**आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययनप्रतिवेदन सम्बन्धी सार्वजनिक्सुनुवाई बारे सूचना**
**(प्रकाशित मिति २०७९/१२/८)**

मधेश प्रदेश अन्तरगत रौतहट जिल्लाको बृन्दावन नगरपालिकाको वडा नं. १ , रमौलीमा शिवम बालुवा वासिङ्ग उद्योग प्रस्तावक द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | शिवम बालुवा वासिङ्ग उद्योग, बृन्दाबन नगरपालिका वडा न १, रमौली , रौतहट, मधेश प्रदेश, नेपाल, फोन नं.: ९७७-९८११८२०६६५ ईमेलः shivambaluwawashingudyog@gmail.com |
| प्रस्तावको व्यहोरा | मधेश प्रदेशको रौतहट जिल्ला अन्तरगत बृन्दावन नगरपालिकाको कार्यालय वडा न.१ स्थित निजी जग्गाको साबिक रमौली ४-ख कित्ता नं. ३६४, २८०, ३६८, ३६७, ५१, ३६३, २६६, ५०, ३६५, ३१२, ३७३, ३७६, १४०, ३३२, ३७२ र २३८ लगायतका क्षेत्रमा मिश्रित बालुवाबाट बालुवा प्रशोधन कार्य गर्न लागिएको छ। |
| प्रभाव पर्ने सक्ने जिल्ला/न.पा/गा.पा. | मधेश प्रदेशको रौतहट जिल्लाको बृन्दावन नगरपालिका वडा न १, रमौली |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली , जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको प्रतिनिधिहरुसंग लिखित राय सुझाव लिन सार्वजनिक सुनुवाई कार्य गर्न आवश्यक भएकोले निम्न मिति, समय र स्थानमा हुने सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थित भई आ-आफ्नो राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**तपसिल**

| मितिः | स्थानः | समयः |
|---|---|---|
| २०७९/१२/१६ गते | शिवम बालुवा वासिङ्ग उद्योग, बृन्दाबन नगरपालिका वडा न १, रमौली | बिहान ८.०० बजे |





## ☎☎ महत्वपूर्ण टेलिफोन नम्बरहरु ☎☎

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरतीः | ८:०० बजे |
| भोगराज लाग्ने सयमः | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समयः | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समयः | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयमः | १०:०० बजे |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
आज विशिष्ट व्यक्तिको साथ पाइनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । सामाजिक र राजनैतिक कार्यमा बढी सफलता मिल्नेछ ।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
आज आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । परिवारमा सुख सन्तोष छाउला । नयाँ ज्ञान सिक्ने मौका पनि मिल्नेछ ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
आज यात्रामा मालसामान हराउने र मनमा निराशा आउला । प्रेममा मनमुटाव पनि आउन सक्छ, तर साँझमा यात्राको योजना बन्नेछ ।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज सामाजिक क्षेत्रमा सफलता मिल्नेछ। मनमा सहयोग भाव आउला। प्रेम सम्बन्ध कसिलो हुनेछ। रमणीय र सुखद् यात्राको योग छ ।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
आज धनार्जनका स्रोतहरू पत्ता लाग्नेछन् । आत्मबल बढाएर काम गरेमा असफल भइँदैन । वित्तिय संस्थाबाट सहयोग पनि पाइनेछ ।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आज लाभदायक यात्रा रहला । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । परिश्रम गर्दा धनार्जन हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
मनमा दुबिधा उत्पन्न हुनेछ। अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । आर्थिक कारोबारमा मन्दी आउनेछ, आफन्तबाट सहयोग चैं मिल्ला ।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
आज गरेको कार्यमा सफलता मिल्नेछ । शैक्षिक र वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज सुखदु:ख बराबरी मध्यम खालको दिन छ । ठुलो कारोबारमा लगानी नगर्नु । आत्मबल बढाएर काम गरेमा असफल भइँदैन ।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आज मनमा शान्ति छाउनेछ। अरुलाई प्रभावित पारेर काम बन्नेछ। नसोचेको ठाउँबाट धनागम हुनेछ। नयाँ कामको थालनी पनि हुनेछ ।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
साना तिना समस्यामा अल्झनुपर्नेछ । स्वास्थ्यमा समस्या आउला। अनावश्यक धन खर्च हुनेछ । महत्त्वपूर्ण कार्यमा व्यवधान आइपर्ला ।

**मीन - PISCES** दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आज विद्या र बुद्धिको विकास हुनेछ । सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ ।

# मधेशी आयोगले मनायो चौथो स्थापना दिवस



मधेशदृष्टि
काठमाडौ, ७ चैत । मधेसी आयोगले आफ्नो चौथो स्थापना दिवस मनाएको छ ।

संवैधानिक निकायका पदाधिकारी, आयोगका निवर्तमान कर्मचारीहरु, विभिन्न सामाजिक संस्थाहरुका प्रतिनिधि तथा नागरिक समाजका अगुवाको उपस्थितिमा आयोगले मंगलवार एक विशेष समारोह गरी आफ्नो चौथो वार्षिकोत्सव मनाएको हो ।

२०७५ साल चैत ७ गते तत्कालिन राष्ट्रपति विद्यादेवी भण्डारीकोसमुपस्थितिमानिवर्तमान प्रधानन्यायाधीश चोलेन्द्र समशेर राणाबाट आयोगको प्रथम अध्यक्षको रुपमा डा.विजयकुमार दत्तले शपथ लिएर पदबहाली गरेपछि आयोगले हरेक वर्ष चैत्र ७ गतेको दिन आफ्नो वार्षिकोत्सव मनाउदै आएको छ । स्थापना दिवसको अवसरमा आयोगका अध्यक्ष डा.विजयकुमार दत्तले एक प्रेस विज्ञप्ति जारी गर्दै सरकारले मधेसी समुदायको समस्यालाई समाधान गर्न स्थापना भएको यो संवैधानिक निकायलाई भौतिक तथा आर्थिक रुपमा कमजोर बनाए सो प्रेस विज्ञप्तिमा आयोगले प्राप्त गरेको न्यून स्रोत साधन लाई नै उपयोग गरी मधेशी समुदायको थर सुचिकरण, मधेश प्रोफाइल निर्माण, मधेशी समुदायको राज्यमा पहुँच सम्बन्धी अध्ययन, लोकसेवा तयारी सम्बन्धी अभिमुखीकरण कार्यक्रम, जनचेतनामूलक कार्यक्रमहरु जस्ता महत्वपूर्ण कार्यहरु गरेको उल्लेख गरिएको छ ।

दत्तले आयोगमा प्राप्त संवेदनशील घटनाहरुको उजुरी प्रति आफू गम्भीर रहेको बताउँदै आफै स्थलगत अनुगमनमा गएर समस्या समाधानको लागि सम्बन्धित स्थानीय प्रशासन तथा सुरक्षा निकायलाई निर्देशन दिन गरेको समेत बताए ।

# २० वर्षपछि फरार प्रतिवादी पक्राउ



मधेशदृष्टि
राजविराज, ७ चैत । सप्तरी प्रहरीले डाँका मुद्दाका एकजना फरार प्रतिवादीलाई २० वर्षपछि पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा बोदेरबसाईन नगरपालिका-३ बस्ने ६५ वर्षीय फुल कुमार चौधरी थारु रहेका छन् । थारुसहित ११ जनामाथि २०५८ जेठ २७ गते सप्तरीको साबिक फुलकाही गाविस-६ बस्ने सूर्यनारायण पालको घरमा डकैती गरेको अभियोग रहेको प्रहरीले जनाएको छ ।

सप्तरी जिल्ला अदालतले २०७१ चैत १० गते चौधरीलाई ६ वर्ष कैद र १ लाख १९ हजार १८२ रुपैयाँ जरिवाना हुने फैसला गरेको थियो ।

सोही बेलादेखि उनी फरार रहेका उनलाई पक्राउ गरी कैद भुक्तानका लागि कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# सर्लाहीबाट भन्सार छलीको सुर्ति बरामद



मधेशदृष्टि
सर्लाही, ७ चैत । सर्लाहीको हरिवन नगरपालिका-११ बाट सशस्त्र प्रहरीले भन्सार छलीको सुर्ति बरामद गरेको छ ।

गण नम्बर-१० सर्लाहीबाट खटिएको टोलीले भन्सार छलेको सुर्ती बरामद गरेको सशस्त्र प्रहरी प्रवक्ता (डीआईजी) पुरुषोत्तम थापाले बताए । हरिवन नगरपालिका-११ मा रहेको राजेश जनरल स्टोरका सञ्चालक तेज नारायण शाहको घरमा लुकाएर राखेको अवस्थामा सशस्त्रले २६० केजी खुल्ला सुर्ती बरामद गरेको छ ।

लुकाई छिपाई राखेको अवस्थामा सशस्त्र प्रहरी र राजस्व करदाता सेवा कार्यालय लालबन्दीको टोलीले छापा मार्दा १० बोरा खुला सुर्ती, प्याकेट सुर्ती ७ सय प्याकेट र रजनीगन्धा १० प्याकेट भेटिएको छ ।

सो सामान कारबाहीका लागि सर्लाही भन्सार कार्यालय मलंगवामा बुझाइएको छ । बरामद सामानको मूल्य १ लाख ६७ हजार कायम गरिएको छ ।

# लागू औषधसहित एक पक्राउ

जनकपुरधाम, ७ चैत । धनुषा प्रहरीले प्रतिबन्धित लागूऔषध (एक्सिप्लोन) ४० बोतलसहित एक युवकलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा जिल्लाको मिथिला नगरपालिका वडा नम्बर-६ ढल्केवर बस्ने ३७ वर्षीय रामहित साह रहेको जनाइएको छ । विशेष सुचनाको आधारमा इलाका प्रहरी कार्यालय ढल्केवरबाट खटेको प्रहरी टोलीले साहको घरमा खानतलाशी गर्दा घरभित्र लुकाई राखेको अवस्थामा प्रतिबन्धित लागूऔषध एक्सिप्लोन १०० एमएलको ४० बोतल बरामद भएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक बेदप्रसाद गौतमले जानकारी दिए ।

बरामद भएको लागूऔषधसहित साहलाई नियन्त्रणमा लिई लागूऔषध मुद्दामा म्याद थप गरेर अनुसन्धान भइरहेको धनुषा प्रहरीले जनाएको छ ।

# भन्सार छलीका साढे ६ करोडका सामान बरामद

मधेशदृष्टि
वीरगंज, ७ चैत ।

मधेश प्रदेशका विभिन्न जिल्लाबाट प्रहरीले गतमहिना साढे ६ करोडभन्दा बढी मूल्य पर्ने भन्सार छलीका सामान बरामद गरेको छ ।

मधेश प्रदेश प्रहरी कार्यालयले दिएको जानकारीअनुसार, फागुनमा मधेश प्रदेशका ८ जिल्लाबाट ६ करोड ६८ लाख ३६ हजार ५ सय ३६ रुपैयाँ बराबरका भन्सार छलीका सामान बरामद भएको हो । प्रहरीले एक महिनाको अवधिमा १ करोड ८५ लाख ९४ हजार ९ सय २४ रुपैयाँ बराबरको किराना सामग्री, ७ लाख ४५ हजार रुपैयाँ बराबरको विद्युतीय सामग्री र २ करोड ४७ लाख ३४ हजार ९ सय ३० रुपैयाँ बराबरको सवारी साधन र पार्टपुर्जा बरामद गरेको छ । २ करोड २६ लाख ४२ हजार ५ सय ३२ रुपैयाँ बराबरको लत्ता कपडा, फेन्सी तथा अन्य सामानहरू र १ लाख १९ हजार १ सय ५० रुपैयाँ बराबरको चाँदी बरामद गरिएको मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरका प्रवक्ता प्रहरी उपरीक्षक महेन्द्रकुमार श्रेष्ठले जानकारी दिए । चोरी पैठारीसहितका घटनामा संलग्न ४६ जनालाई नियन्त्रणमा लिइएको छ ।

# मन्दिर अगाडिको पसल नहटाउन अपिल

मधेशदृष्टि
वीरगंज, ७ चैत । वीरगंजको माइस्थान मन्दिरअगाडिको मिठाइ पसल हटाउने विषयले चर्को रुप लिएको छ ।

जितेन्द्र साह कानुले गहवामाइ मन्दिरको पसल कोठामा मिठाइ पसल गर्दै आएका थिए । मन्दिर भत्काएर नयाँ निर्माण गरिने भएपछि कानुको पक्की पसल कोठा पनि भत्किएको थियो । मन्दिर सञ्चालक समितिले सोही स्थानमा पसल गर्न दिने सम्झौतासमेत गरेको थियो । गहवामाइ मन्दिर आधुनिक शैलीमा निर्माण भयो तर पसलकोठा भने बनेन । कानुले पसलकोठा निर्माणको माग गरे मन्दिर सञ्चालक समितिले मन्दिर अगाडि पसल राख्न दिने जानकारी गराएपछि व्यापार शुरु भयो । तर वीरगंज महानगरपलिकाले पसल हटाउन बारम्बबार ताकेता गर्न थालेपछि फेरि विवाद चर्किएको हो । महानगरले मन्दिरको रङ्गरोगन गरी मन्दिरअगाडिको सडकमा राखिएका पसल हटाएर पार्किङसमेत रोकेको थियो ।

गहवामाइ मन्दिर सञ्चालक समितिका अध्यक्ष दिनाप्रसाद गुप्ता कानुले मिठाइ पसल गरेको ठाउँ सडक र नगरपालिकाको नभएको र मन्दिरकै भएको दाबी गर्छन् । मन्दिरअगाडि जग्गा खाली भए पनि भवन बनाउँदा मन्दिरको सौन्दर्यतामा फरक पर्ने भएकाले खाली जमीनमा कानुलाई पसल गर्न दिइएको गुप्ताको भनाइ छ । माइस्थानका स्थानीय पनि कानुको पसल हटाउनु अन्याय हुने बताउँछन् । कानुले अहिले पनि मन्दिरलाई भाडा बुझाउदै आएका छन् ।

# मधेशमा लैंगिक आधारमा हिंसा: सिडिओ



मधेशदृष्टि
गरुडा, ७ चैत ।

रौतहटका प्रमुख जिल्ला अधिकारी (सिडिओ) धर्मेन्द्रकुमार मिश्रले मधेशमा लैंगिक आधारमा हिंसा बढ्दै गएकाले सजग हुन जरुरी रहेको बताएका छन् ।

एकद्वार संकट व्यवस्थापन केन्द्र रौतहटको जिल्ला समन्वय बैठकमा बोल्दै सिडिओ मिश्रले अपराधीलाई कानुनको भय नभएसम्म अनुशासित समाजको कल्पना गर्न नसकिने बताए । उनले लैङ्गिक हिंसामा भय देखाउन जरुरी रहेको तथा स्थानीय तहको सहयोगमा टोलटोलमा प्रहरी परिचालन गरेर न्युनिकरण गरिने उल्लेख गरे ।

कार्यक्रममा प्रादेशिक अस्पताल गौरका डा.प्रिती झाले जिल्लामा लैङ्गिक हिसाकको अवस्थामा भावी कार्ययोजना सहितका विषय समेटेर कार्यपत्र प्रस्तुत गरेकी थिइन् ।

कार्यक्रममा रौतहट प्रहरी प्रमुख वीरबहादुर बुढामगर, प्रदेशिक अस्पतालका निमित प्रमुख डा.मुरारी ठाकुर, जेष्ठ नागरिक समाजका अध्यक्ष विजयकिशोर झा, नेपाल बार एसोसिएसनका अध्यक्ष नन्दकिशोर साह, नेपाल पत्रकार महासंघका अध्यक्ष प्रेमचन्द्र झासहितले लैङ्गिक हिंसापीडितलाई दिइने आवश्यक सहयोगबारे सुझाव दिएका थिए ।

# ‘हाम्रो चाम्रे फ्राइ राइस भयो’




घनश्याम बलम्पाकी
सर्लाही, ७ चैत । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराँतीले विदेशी संस्कार, संस्कृति अंगाल्दा नेपाली मौलिक संस्कृति हराउँदै गएकामा चिन्ता व्यक्त गरेका छन् ।

सर्लाहीको हरिवनमा नेपाल आदिवासी जनजाति युवा महासंघको आठौं राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्दै मन्त्री किराँतीले संस्कार, संस्कृति विदेशीको जस्तै हुनथालेको भन्दै चिन्ता व्यक्त गरे । उनले विविध संस्कार र संस्कृति भएको समाजले विदेशी संस्कार रोज्दा इतिहास नै मेटिने खतरा रहेको उल्लेख गरे । पर्यटनमन्त्री किराँतीले नेपाली पुराना खानाका परिकार लोप हुँदै गएकाप्रति पनि चिन्ता व्यक्त गर्दै साना हुँदा खाइएका पुराना परिकारलाई अनेक विदेशी नाम दिइएको चर्चा गरे । ‘हाम्रा बुबा, आमाले सानैमा आलु तारेर दिन्थे, त्यतिबेला तारेको आलु भन्थ्यौं, अहिले फ्रेन्च फ्राइज भन्छन्, हामीले चाम्रे त पहिलेदेखि नै खाएको हो, अहिले फ्राइ राइस भन्न थालियो,’ पर्यटन मन्त्री किराँतीले भने, ‘हामीले विदेशी संस्कृति र खानपानलाई नक्कल गर्ने होइन, हाम्रै संस्कारमा जिउनुपर्छ, अनि मात्रै पहिचान जीवित रहन्छ ।’

केही दिनअघि आदिवासी जनजाति पत्रकार महासङ्घको विधान सम्मेलनमा सहभागी हुन हरिवन आउँदा नेपाली रहनसहन र परिकारबारे लामो चर्चा गरेका मन्त्री किराँतीले यो पटक फेरि यहाँ आउँदा सोही विषयलाई प्राथमिकताका साथ प्रस्तुत गरे । मन्त्री किराँतीले हरिवनस्थित चतुर्भूजेश्वर जनता बहुमुखी क्याम्पसमा निर्वाचित माओवादी केन्द्रनिकट अखिल क्रान्तिकारीका पदाधिकारीलाई बधाई दिन आयोजित कार्यक्रम, बागमतीमा कार्यकर्ता भेलालगायतका कार्यक्रमलाई पनि सम्बोधन गरेका थिए ।

नेपाल आदिवासी जनजाति युवा महासङ्घ नेपालको आठौं राष्ट्रिय सम्मेलन बुधबारसम्म हुने अध्यक्ष हेमन्तकुमार राईले जानकारी दिए ।


## महालक्ष्मी सैण्ड वासिङ्ग उद्योग

**मधेश प्रदेशको रौतहट जिल्ला अन्तर्गत फतुवाबिजयपुर नगरपालिका कार्यालय वडा८नस्थित मिश्रित बालुवाबाट बालुवा प्रशोधन कार्य गर्नको लागि आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययनप्रतिवेदन सम्बन्धी सार्वजनिक्सुनुवाई बारे**

**सूचना**

**(प्रकाशित मिति २०७९/१२/८)**

मधेश प्रदेश अन्तरगत रौतहट जिल्लाको फतुवाबिजयपुर नगरपालिकाको वडा नं. ८ मा महालक्ष्मी सैण्ड वासिङ्ग उद्योग प्रस्तावक द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | महालक्ष्मी सैण्ड वासिङ्ग उद्योग , फतुवाबिजयपुर नगरपालिका वडा न ८ , रौतहट, मधेश प्रदेश, नेपाल, फोन नं.: ९७७-९८४५५३२८९३ ईमेलः sudhirkumaryadav631@gmail.com |
| प्रस्तावको व्यहोरा | मधेश प्रदेशको रौतहट जिल्ला अन्तरगत फतुवाबिजयपुर नगरपालिका वडा न. ८ स्थित निजी जग्गाको साबिक लक्ष्मिनिया ४ ख कित्ता नं. १४३ , १४५ र १४६ लगायतका क्षेत्रमा मिश्रित बालुवाबाट बालुवा प्रशोधन कार्य गर्न लागिएको छ। |
| प्रभाव पर्ने सक्ने जिल्ला/न.पा/गा.पा. | मधेश प्रदेशको रौतहट जिल्लाको फतुवाबिजयपुर नगरपालिका वडा न ८ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली , जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको प्रतिनिधिहरुसंग लिखित राय सुझाब लिन सार्वजनिक सुनुवाई कार्य गर्न आवश्यक भएकोले निम्न मिति, समय र स्थानमा हुने सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थित भई आ-आफ्नो राय सुझाव उपलव्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**तपसिल**

| मितिः | स्थानः | समयः |
|---|---|---|
| २०७९/१२/१७ गते | महालक्ष्मी सैण्ड वासिङ्ग उद्योग , फतुवाबिजयपुर नगरपालिका वडा न ८, फतुवा | अपरान्ह २.०० बजे |

सम्पादकीय

## सुध्रिएला मधेशी दलितको नियति ?

देशभर ५८ औं अन्तर्राष्ट्रिय जाति तथा रंगभेद उन्मूलन दिवस मनाइएको छ। देशको राजधानी काठमाडौंमा बिहानै प्रधानमन्त्रीले दलित समुदायलाई दिवसको शुभकामना सन्देश प्रवाह गर्नुभयो। यस्तै, दिउँसो भएको एउटा कार्यक्रममा उहाँले दलित समुदायले महसुस गर्ने गरी सरकारले छुट्टै र विशेष कार्यक्रम ल्याउन लागेको बताउनु भयो र भन्नुभयो, 'दलितहरूले यो विशेष कार्यक्रम सयौं वर्षसम्म सम्झने छन्।' यद्यपि कार्यक्रममा दलित समुदायका अगुवाहरूले २० बुँदे माग प्रधानमन्त्रीसँग राखेका थिए। त्यो माग भन्दा पनि गतिलो कार्यक्रम दलित समुदायले पाउने भनेर प्रधानमन्त्रीले गुलियो आश्वासन दिनु भएपछि दिवसको औपचारिकता मात्र सकिएन, दलित समुदायले फेरि पनि आस्वासन अनुरूप प्रतीक्षा गर्नु पर्ने भयो कि त्यो कार्यक्रम कहिले आउँछ, कस्तो आउँछ ?

विक्रम सम्वत् २०२० मै मुलुकी ऐनको अदलको महल १० मा छुवाछुत निषेध गरिएको थियो। अर्थात् मुलुकमा छुवाछुत अपराध हो, दण्डनीय हो भनिएको छ दशक पुग्न लाग्यो। यो बीचमा पञ्चायत, बहुदल, लोकतन्त्र हुँदै देश संघीय लोकतान्त्रिक गणतन्त्रमा हिँडेको पनि डेढदशक भयो। उसो त व्यवस्थापिका संसदले नै २०६३ जेठ २१ गते मुलुकलाई छुवाछुतमुक्त राष्ट्र घोषणा गरेपछि दलितले सम्मानका साथ देशमा बाँच्न पाउने अपेक्षा गरिएको थियो। तर अहिले पनि काठमाडौंमा मात्र होइन, हाम्रै वरपरका शहरमा दलितलाई डेरा दिन पनि नाक खुम्च्याउने समुदायको हालिमुहाली छ। सिरहाको भगवानपुर गाउँपालिकाका अध्यक्ष उग्रनारायण यादवले आफ्नी आमाको शुद्धिभोजमै दलित समुदायमाथि हेलोहोचो गरेको मुद्दा राष्ट्रिय बन्यो र उहाँले आत्मालोचना गर्नु भएको छ। यस्तै, महायज्ञमा समेत दलितको सहभागिता नरूचाउने र निषेध गर्ने समाजमा हामी छौं।

दलितलाई बाटो हिँड्न नदिने, पानी छुन नदिने, मन्दिर पस्न नदिने, विद्यालयमा पढ्न नदिने कुकार्य हाम्रै वरिपरि भइरहेको छ। यो विभेदबाट दलितलाई मूलप्रवाहीकरणमा ल्याउने भनेर लागेकाहरू पनि आफ्नै मूलप्रवाहीकरणमा अल्झिएका छन्, समग्रमा दलित समुदाय अरू पिछडिएका छन्। पछाडि पार्न जाने बुझेकाहरू मात्र होइनन्, पहुँचमा भएकाहरू पनि सक्रिय छन्। उनीहरूलाई राजनीतिक दलको संरक्षण छ। प्रहरी प्रशासन छुवाछुतको घटनालाई दण्डनीय बनाउन चाहँदैन, मिलापत्रमा टुंग्याएर हिंसालाई छोपिरहेको हुन्छ। दलितका पीडा दलित र अझ भोग्नेले मात्र अनुभूत गरेका छन्। अरू सबै यस्तो अपराधलाई 'सामान्य' मानेर 'साधारण' सम्बोधनका भरमा टारिरहेका हुन्छन्।

मधेश सरकारको कुरा गरौं। ६१ लाख भन्दा बढी जनसंख्या भएको मधेश प्रदेशमा १७ दशमलव २ ९ प्रतिशत दलित छन्। यस हिसाबले नौ लाख ३४ हजार भन्दा बढी दलित छन्। उनीहरूहका लागि मधेश सरकारले छुट्याएको रकम मठमन्दिर निर्माणमा भन्दा पनि कम छ। मधेशका दलितहरू सबैभन्दा पछाडि पारिएका छन्। एकातिर उनीहरू भूमिहीन छन्। अर्कातिर उनीहरूसँग नागरिकता छैन। नागरिकता नभएकै कारण मधेशका दलितहरू राज्य, प्रदेश र स्थानीय सरकारको हरेक सेवासुविधाबाट बाहिर छन्।

देशका नागरिकको परिचय नागरिकता नै हो। तर भूमिहीन दलित समुदाय लामो समयदेखि नागरिकताविहीन छन्। नागरिकताविहीन भइरहँदा उनीहरूको सन्ततिको शिक्षादीक्षा, रोजगारी, राज्यले दिने सेवासुविधा सबैमा तथ्यांक रहँदैन। त्यसैले पसिना बगाउन सकुन्जेल प्राण बच्ने र बाँकी जिन्दगी देशविहीन, परिचयविहीन अनि नागरिकताविहीन भएर बाँच्ने विवशतामा दलित समुदाय छन्। उनीहरूमाथि हुने हिंसा, थिचोमिचो, हेलोहोचो, अपमान, विभेद, कथित बोक्सीको आरोपमा यातना, यातनाबाट जीवन हरणमा राज्य कहिल्यै दलित अझ मधेशका दलितका पक्षमा बोलेन भनेर ठूला तथ्यांक आए पनि दलित समुदायको अभाव सम्बोधन र परिचयविहीन खाडल पुरिन सकेको छैन।

केन्द्र सरकारले दिवसका अवसर पारेर सय वर्षसम्म सम्झिइरहने विशेष कार्यक्रम ल्याउने भनिरहँदा मधेशका दलितहरूको यो नियति सम्बोधन होला कि नहोला ?

के मधेशका दलितले पनि केन्द्र सरकारको यो विशेष कार्यक्रमपछि विभेदरहित समाजमा बाँच्न पाउलान् ?

# जातीय विभेद तथा रङ्गभेद उन्मूलन दिवसका सन्दर्भः मधेसमा विभेद : ऐन छ, चैन छैन

*नेपालमा जातीय विभेद तथा छुवाछुत कानुनीरुपमा बर्जित छ। जनयुद्ध, २०६२/६३ सालको जनआन्दोलन, मधेस आन्दोलन र सामाजिक जागरणका अन्य अभियानको जगमा देश गणतन्त्र, धर्मनिरपेक्षता र समावेशी लोकतन्त्रमा प्रवेश गरेको छ।*

- टीकाराम सुनार/सुदीप राउत

यति धेरै राजनीतिक उपलब्धिकाबीच पनि सामन्ती समाजमा विद्यमान जातीय विभेद तथा छुवाछुतका अवशेष अहिले पनि बाँकी नै छन्। देशलाई छुवाछुतमुक्त राष्ट्र घोषणा गरिएको १६ वर्षभन्दा बढी भएको छ। जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ ले यस्तो विभेदलाई गम्भीर सार्वजनिक अपराधका रुपमा हेरेको पनि एकदशक बितिसकेको छ। तर पनि जातीय भेदभाव तथा छुवाछुतका कारण हुने अमानवीय व्यवहार अहिले पनि रोकिएको छैन। अझ जातीय, भौगोलिक उत्पीडन र विभेद्को चर्को विरोध गर्दै समावेशीता र सङ्घीयताको सबैभन्दा बढी वकालत गर्ने मधेस प्रदेशमा नै जातीय विभेद तथा छुवाछूतका घटना डरलाग्दो रहेको सरोकारवालाको भनाइ छ।

मधेस प्रदेश सरकारले २०७६ मङ्सिर २४ गते दलित सशक्तीकरण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन कार्यान्वयनमा ल्याएको छ। सात प्रदेश सरकारमध्ये दलित सशक्तीकरणका लागि पहिलो पटक ऐन नै ल्याएर मधेस प्रदेश सरकारले गरेको कानुनी व्यवस्थाको सर्वत्र प्रशंसा भएको थियो। तर ऐन आएको तीन वर्ष बितिसक्दा पनि 'जातीय भेदभाव तथा छुवाछुत पूर्णरुपमा अन्त्य गर्न...' प्रस्तावनाले अठोट गरेको सङ्कल्पलाई पूरा गर्न तदनुरुपका क्रियाकलाप भने सुरु भएका छैनन्। सशक्तीकरणका लागि आवश्यक काम त हुँदै जालान् तर सांस्कृतिक एवं सामाजिकरुपमा जरा गाडेर बसको यो कुप्रथाविरुद्ध सार्वजनिक एवं सामाजिक जागरण ल्याउने कार्यमा पनि सरकारले ठोस कदम चाल्न सकेको छैन। त्यसैले अधिकारकर्मी भन्छन् 'मधेसमा ऐन छ तर दलितलाई चैन (चयन) छैन।'

ऐनको परिच्छेद २ को दफा ३ ले व्यवस्था गरेको मुख्यमन्त्री नेतृत्वको जातीय भेदभाव तथा छुवाछुत अनुगमन समिति अहिलेसम्म बनेको छैन न त दफामा ५ ले भनेको स्थानीय जातीय भेदभाव तथा छुवाछुत अनुगमन समितिको 'चेन' स्थानीयस्तरसम्म जोडिएको छ। ऐन, कानुन र सार्वजनिक प्रतिबद्धताअनुरुप सामाजिक जागरणका क्रियाकलाप अगाडि नबढ्दा विभेदका घटनाहरु भइरहेका छन्। गएका तीन महिनामा भएका तीन घटनाले यहाँको जातीय विभेद तथा छुवाछुतबारेको बहसलाई फेरि नयाँ ढङ्गले अगाडि बढाउँदै राज्यबाटै हस्तक्षेपकारी भूमिका जरुरी रहेको सामाजिक अगुवाको बुझाइ छ। सिरहाको भगवानपुर गाउँपालिकाका अध्यक्ष उग्रनारायण यादवले यही फागुन २२ गते दिवङ्गत आमाको १३औँ दिनको पुण्यतिथिमा जातीय संरचनाअनुसार अलगअलग लाइन लगाएर भोज खुवाएको भनी सार्वजनिक भएको घटना अहिले पनि अनुसन्धानकै घेरामा छ। स्थानीय दलितले भने जातीय विभेद् तथा छुवाछुत हुने गरी व्यवहार गरिएको भन्दै विरोध जनाइरहेका छन्। देशका मन्त्री, पूर्वमन्त्री, सांसददेखि समाजका गन्यमान्य व्यक्ति सरिक त्यो भोजको घटनाबारे सबैको चासो छ।

त्यसको एक हप्तापछि फागुन २९ गते पर्साको वीरगञ्ज महानगरपालिका-१७ अलौँका दलित सहायक प्रमुख जिल्ला अधिकारी वेदनिधि खनाललाई ज्ञापनपत्र बुझाए। ज्ञापनपत्रको विषय थियो २० वर्षपछि चैत ८ गते अर्थात् भोलिदेखि सुरु हुने शतचण्डी महायज्ञमा दलितले पनि प्रवेश गर्न पाउनुपर्छ। महायज्ञ तयारीका क्रममा टोलमा हुने दैनिक बैठकमा नबोलाएको र महायज्ञ व्यवस्थापनका लागि बनाइएका समितिमा पनि दलितलाई सहभागी नगराइएकाले अघोषितरुपमा महायज्ञमा प्रवेश निषेध गरिएको उनीहरुको भनाइ छ।

यी दुई घटनाअघि दलितको घरमा भोज खाएको भन्दै महोत्तरीको सोनमा गाउँपालिका-४ खेसराहाका भिखारी महतोलाई सामाजिक बहिस्कार गरेको घटना सार्वजनिक भएको थियो। जुन घटनाले मधेसमा जातीय विभेदको चरम पराकाष्ठालाई उजागर गरेको छ।

महतो गत पुस १९ गते स्थानीय शुभनारायण राम (चमार)को घरमा छठिहार अर्थात् न्वारनको दिन भोजमा सरिक भएका कारण आफ्नै समुदायबाट बहिस्कृत मात्रै होइन, 'जातबाट निकालिएको' भनिएको छ।




यी जातीय विभेद तथा छुवाछुतका प्रतिनिधिमूलक घटना हुन्। दलित अधिकारका क्षेत्रमा काम गर्ने सङ्घसंस्थाका कुरा सुन्ने हो भने मधेसमा जातीय विभेद तथा छुवाछुतका घटनाको स्थिति डरलाग्दो छ। तर ती घटना राज्यका निकायको अभिलेख र कानुनको पहुँचमै आउँदैनन्। मधेस प्रदेश प्रहरी कार्यालयको तथ्याङ्कअनुसार विगत तीन वर्षमा तीन वटा घटना मात्रै प्रहरीको अभिलेखमा आएका छन्। यसअनुसार आर्थिक वर्ष विसं २०७६/७७ मा महोत्तरी र सिरहामा गरी दुई र विसं २०७८/७९ मा धनुषामा एक घटना प्रहरीको अभिलेखमा आएको मधेस प्रदेश प्रहरी कार्यालयका प्रवक्ता प्रहरी उपरीक्षक महेन्द्रकुमार श्रेष्ठले जानकारी दिनुभयो।

इन्सेक मानवअधिकार वर्ष पुस्तक २०२३ मा उल्लेख भएअनुसार मधेसमा जातजातिका आधारमा दलित सबैभन्दा बढी पीडित छन्। सन् २०२२ मा मधेसमा राज्यपक्ष र अन्यपक्षबाट गरी एक हजार ५८७ दलित पीडित भएको उल्लेख छ। "हो घटनाको सत्त्यात्मक अभिलेख हेर्दा भेटिदैन तर समाजमा जातीय विभेद् तथा छुवाछुतको मानसिकता यसरी जरा गाडेर बसेको छ कि जसलाई शब्दमा व्यक्त गर्न सकिँदैन", राष्ट्रिय मानवअधिकार आयोगका मधेस प्रदेश प्रमुख मञ्जु खतिवडाले भन्नुभयो, "मानव मर्यादा र सम्मानपूर्वक बाँच्न पाउने हकका हिसाबले हेर्दा अहिलेको आधुनिक समाजमा परम्परागत हानिकारक प्रथामध्येको जातीय विभेद तथा छुवाछुतको मानसिकताले पराकाष्ठा नाघेको छ।" उहाँले छोराछोरी मरेको स्वीकार्ने तर अन्तरजातीय वा दलितसँगको सम्बन्धलाई नस्वीकार्ने सामाजिक परिवेशले यहाँको दर्दनाक अवस्थालाई दर्साउने बताउनुभयो। "म आफैँले अन्तरजातीय विवाहपछिको विभेदका धेरै घटना हेरेकी छु, पीडक पक्षले सन्तानको ज्यान जाओस् केही वर्षमा बिर्सिन सकिएला तर जात जानु भएन भन्ने मानसिकताले काम गरेको पाउँछु, यो अहिलेको बदलिँदो समाजमा अत्यन्तै विडम्बनाको कुरा हो", खतिवडाले भन्नुभयो।

अभियन्ता अर्जुन थपलिया पनि व्यवस्था बदलिए पनि मानसकिता नबदलिएका कारण अहिले पनि वर्गीय, जातीय, लैङ्गिक र क्षेत्रीय आधारमा नेपाली समाजमा विभेद जीवित रहेको बताउनुहुन्छ। "संविधान, कानुन र ऐन छन् तर कार्यान्वयन हुँदैनन्। असन्तुलित सामाजिक शक्ति सन्तुलनको संरचनाले नै राज्यको उपस्थिति र भूमिकालाई पनि प्रभावित गरिरहेको छ। कमजोर वर्ग समाजमा अधिकारविहीन छन्", थपलियाले भन्नुभयो, "व्यवस्था परिवर्तन भयो, मानिसको व्यवहारमा परिवर्तन हुन सकेन, न त सरोकारवालाले व्यवहार परिवर्तनका लागि हस्तक्षेपकारी अभियान चलाउन सक्यौँ। त्यसले मधेसमा मात्र होइन देशभरि नै विभेद कायम छ।"

राजनीतिक विश्लेषक राजेश विद्रोहीले संविधानले देशलाई समाजवादोन्मुख भनेकाले सोहीअनुसार जातीय विभेदको अन्त्यलाई प्राथमिकतामा राखेर राज्यले नै ठोस् नीति अगाडि बढाउन जरुरी रहेको बताउनुभयो। "जातीय विभेद नेपाली समाजमा यति धेरै जकडिएको छ कि यसबाट नेपाली समाजलाई मुक्त गर्न ठूलै सांस्कृतिक रूपान्तरणकारी अभियानको आवश्यकता छ। संविधान, नियम, कानुनले मात्रै छुवाछुत र जातीय भेदभाव निषेध गरेर हुँदैन रहेछ। त्यसको कार्यान्वयन र मान्छेको व्यवहार सुधार नै समस्या समाधानको उपाय हो। जुन किस्ताबन्दीमा भइरहेको छ तर हस्तक्षेपकारीरुपमा अगाडि बढेको छैन", उहाँ भन्नुभयो।

अधिकारकर्मी सञ्जय महरा पनि संविधान र कानुनले नै छुवाछुतलगायत सबै प्रकारका विभेदलाई सार्वजनिक अपराधका रुपमा स्वीकार्दै राज्यको भूमिकालाई बढाउने भने पनि व्यवहारमा त्यसको परिपालना नहुँदा विभेद अझै हट्न नसकेको बताउनुहुन्छ। नागरिक तहमा मात्रै होइन, वडामा निर्वाचित दलित जनप्रतिनिधिले पनि अपमानित महसुस गरिरहनु परेको छ। सप्तरीको सुरुङ्गा नगरपालिका-४ का वडा सदस्य मानुदेवी सदायले पनि संविधानले बाध्यकारी व्यवस्था गरेका कारण दलित महिलाको प्रतिनिधित्व सुनिश्चित गरिए पनि विभेदका हिसावले आफूहरु पीडित रहेको बताउनुभयो। "मलाई नै स्थानीय मन्दिरभित्र प्रवेश गरी पूजापाठ गर्न दिइँदैन, सार्वजनिक समारोहमै उपेक्षा गरेको महसुस हुन्छ", सदाय भन्नुहुन्छ।

विभेदविरुद्ध सुधारका लागि केही पहल अवश्य भएको छ तर पनि बेलाबखत जातीय विभेद तथा छुवाछुतका घटना सार्वजनिक हुन्छन्। ती घटना न प्रहरीको अभिलेखमा देखिन्छन् न विभेद्मा परेकाहरु नै प्रहरी प्रशासनमा उजुरी गर्न जान्छन्। मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले पनि सङ्घीयताअनुसार प्रदेश संरचना बने पनि अधिकार प्रयोगका हिसाबले अपराध नियन्त्रणको मुख्य जिम्मा भएको प्रहरी प्रशासन नै मातहतमा नहुँदा समस्या भएको बताउनुभयो। "विभेद वा अन्य घटना हामीले पत्रपत्रिकाबाट थाहा पाउँछौँ तर प्रहरीले जानकारी दिँदैन। दर्ता अभिलेख नै हेर्ने हो भने पनि कुनै विवरण भेटिदैन। यो त राज्यवादी मुद्दा हो नि, यसमा त व्यक्तिले मुद्दा हाल्नै पर्दैन, प्रहरी प्रशासनले 'प्रोएक्टिभ' रुपमा आफैँ मुद्दा चलाउनसक्छ, जुन भइरहेको छैन", मुख्यमन्त्री यादवको भनाइ छ।

उहाँले पहिलेको तुलनामा जातीय भेदभाव तथा छुवाछुतका घटनामा धेरै कमी भए पनि अझ बढी सामाजिक सचेतनाको आवश्यकता रहेको बताउनुभयो। "सुधार हुँदैछ तर एउटा मात्रै घटना हुनु पनि लज्जाको विषय हो। अपराध नियन्त्रणका लागि सरकार नै गम्भीर हुनुपर्ने आवश्यकता छ", मुख्यमन्त्री यादवले भन्नुभयो, "कारबाही गर्ने अधिकार केन्द्रीय संरचनाअन्तर्गतको प्रहरीसँगै भएकाले हामीले कठिनाइ भोगिरहेका छौँ। गम्भीरतापूर्वक यस विषयमा छलफल हुन्छ, दलित सशक्तीकरण ऐन कार्यान्वयन गर्न म लाग्छु।" उहाँले जातीय भेदभाव तथा छुवाछुतका विषयमा जिल्ला समन्वय समितिसहित स्थानीय पालिका प्रमुखलाई राखेर आठै जिल्लामा अभियानकै रुपमा सचेतीकरणका कार्यक्रम अगाडि बढाउन आफूले योजना बनाइरहेको बताउनुभयो।

मधेस प्रदेश सरकारका गृह तथा सञ्चारमन्त्री शत्रुधनप्रसाद सिंहले पनि सरकारले अभियानकै रुपमा जातीय विभेद तथा छुवाछुतविरुद्ध गतिविधि अगाडि बढाउनुपर्ने बताउनुभयो। उहाँले मुख्यमन्त्रीसँग छलफल गरी सामाजिक जागरण र प्रहरी प्रशासनले बढाउनुपर्ने भूमिकाका विषयमा आवश्यक कदम चाल्न आफ्नो भूमिका रहने धारणा राख्नुभयो।

"विभेद्विरुद्ध निर्ममतापूर्वक अगाडि बढ्नुपर्ने आवश्यकता छ। विभेद्कै विरुद्धमा लडेर सङ्घीयता र समावेशीता स्थापित गरेको यो प्रदेशमा आन्तरिक विभेद र उत्पीडिन रहन दिनुहुन्न भन्ने कुरामा म प्रष्ट छु। अरु साथीहरुले पनि यसलाई प्राथमिकताका साथ अगाडि बढाउनुपर्छ", मन्त्री सिंहले भन्नुभयो।

मानवअधिकार आयोगका प्रमुख खतिवडाले पनि मधेसमा रहेको जातीय, लैङ्गिक तथा अन्य विभेदका विषयमा निर्मम समीक्षा र सुझबुझपूर्ण हस्तक्षपको आवश्यकता औंल्याउनुभयो। उहाँले यो मुद्दामा काम गर्ने सरकारी तथा गैरसरकारी सङ्घसंस्थाको भूमिका, लगानी र योगदानमाथि नै प्रश्न उठिरहेकाले अब परियोजनामा आधारित गतिविधिभन्दा रुपान्तरणकारी सामाजिक अभियान जरुरी रहेको बताउनुभयो। "प्रदेश सरकारले छोरी पठाउँ, छोरी बचाउँ कार्यक्रमलाई अभियानकै रुपमा अगाडि बढायो तर दलित सशक्तीकरण ऐन आउँदा पनि देखिने गरी कुनै अभियान चलाएको पाइएन। अब परियोजनाले बजेट खर्च गर्नकै लागि अभियान गर्ने, राज्यले उजुरी पर्खेर बस्ने, प्रदेश तथा स्थानीय तहले अरुलाई देखाएर पहलकदमी नलिने अवस्था रहनुहुँदैन", खतिवडाले भन्नुभयो।

मानवताविरुद्ध हुने सबै प्रकारका जातीय तथा रङ्गभेदलाई अन्त्य गर्न संयुक्त राष्ट्रसङ्घले सन् १९६५ मा विभेद उन्मूलनसम्बन्धी महासन्धि पारित गरेपछि नेपाल सन् १९७१ देखि त्यसको पक्ष राष्ट्र हो। त्यही कारण सन् १९६६ देखि हरेक वर्ष मार्च २१ लाई अन्तर्राष्ट्रिय दिवसकैरुपमा मनाउने गरिएको छ।

मङ्गलबार ५८औँ जातीय विभेद तथा रङ्गभेद उन्मूलन दिवस मनाइँदैछ।

यही दिवसका अवसरमा दलित मात्रै होइन, गैरदलितसहितको समन्वय, संवाद र समझदारी बनाउँदै सबै प्रकारका जातीय भेद्भाव तथा छुवाछुतविरुद्ध लड्ने प्रतिबद्धता जरुरी छ।

रासस

# उद्योगमा ६२ वर्षः २८ खर्ब लगानी



काठमाडौं, ७ चैत।
करिब ६२ वर्षको अवधिमा उद्योग क्षेत्रमा मात्रै करिब २८ खर्ब बराबरको लगानी भएको पाइएको छ । उद्योग विभागले सार्वजनिक गरेको तथ्याङ्कअनुसार चालु आर्थिक वर्षको फागुन मसान्तसम्म (विभिन्न क्षेत्रका उद्योगमा) २७ खर्ब ८२ अर्ब रुपैयाँ बराबरको लगानी प्रस्ताव भएको छ।

आर्थिक वर्ष २०१७/१८ सालदेखि २०७९/८० सम्म आठ हजार नौ सय ७४ उद्योगका लागि उक्त लगानी प्रस्ताव भएको हो । तथ्याङ्क अनुसार, हालसम्म दर्ता भएका उद्योगमध्ये सबैभन्दा धेरै लगानी प्रस्ताव साना उद्योगमा रहेको छ । तथ्याङ्कअनुसार हालसम्म दर्ता भएका उद्योगले छ लाख ७० हजार दुई सय ५५ जनालाई रोजगारी उपलब्ध गराएको उल्लेख छ।

**आठ महिनामा साढे एक खर्बको प्रतिबद्धता**

विभागले सार्वजनिक गरेको चालु आर्थिक वर्षको आठ महिना (गत साउनदेखि फागुन मसान्तसम्म) को तथ्याङ्कअनुसार स्वदेशी र विदेशी लगानीका एक सय ८३ वटा उद्योगका लागि एक खर्ब ५५ अर्ब रुपैयाँबराबरको विदेशी लगानी प्रतिबद्धता आएको हो।

यस्तै, आठ महिनाको अवधिमा दुई सय ३९ विदेशी लगानीका उद्योगका लागि ३१ अर्ब २१ करोड ११ लाख ३२ हजार एक सय ९६ रुपैयाँ लगानी प्रतिबद्धता आएको छ। जसमा फागुनमा मात्रै तीन अर्ब ४४ करोड ९८ लाख ३८ हजार छ सय रुपैयाँ विदेशी लगानी प्रतिबद्धता भित्रिएको छ । विभागका अनुसार चालु आर्थिक वर्षको साउनमा मात्र दुई अर्ब ६४ करोड नौ लाख रुपैयाँ, भदौमा तीन अर्ब ४४ करोड ६५ लाख रुपैयाँ, असोजमा एक अर्ब ८५ करोड ४७ लाख रुपैयाँ र कात्तिकमा तीन अर्ब ६५ करोड रुपैयाँ बराबरको लगानी प्रतिबद्धता आएको थियो।

यस्तैगरी मंसिरमा ८० करोड आठ लाख रुपैयाँ, पुस महिनामा चार अर्ब ८५ करोड २० लाख रुपैयाँ, माघ महिनामा एक अर्ब ३९ करोड रुपैयाँ बराबरको वैदेशिक लगानी प्रतिबद्धता आएको छ।

विभागको तथ्याङ्कअनुसार गत आर्थिक वर्ष २०७८/७९ को साउनमा पाँच अर्ब ५३ करोड ५० लाख रुपैयाँ, भदौमा छ अर्ब ३२ करोड रुपैयाँ, असोजमा एघार अर्ब ९६ करोड पाँच लाख रुपैयाँ, कात्तिकमा ९८ करोड रुपैयाँ, मङ्सिरमा पाँच अर्ब १५ करोड ५१ लाख रुपैयाँ, पुसमा ६१ करोड २० लाख रुपैयाँ, माघमा ५३ करोड ९५ लाख रुपैयाँ र फागुनमा दुई अर्ब २३ करोड रुपैयाँ बराबरको लगानी प्रतिबद्धता आएको थियो।

# वर्षाले किसानलाई राहत



काठमाडौँ, ७ चैत
लामो समयपछिको वर्षाले पर्यावरण र किसानलाई राहत मिलेको छ । वर्षापछि हिमपात हुँदा हिमाल हिउँले भरिएका छन् भने सुक्खापनले खङ्गिएका डाँडामा हरियाली देखिन थालेको छ।

जल तथा मौसम विज्ञान विभागअन्तर्गतको जलवायु विश्लेषण शाखाका प्रमुख वरिष्ठ मौसमविद् डा इन्दिरा कँडेलले लामो समयको खडेरीपछिको वर्षाले वातावरण सफा हुनका साथै किसानलाई ठूलो राहत मिलेको बताए। 'पाँच महिनापछि फागुनको अन्तिममा भएको हिउँदे वर्षाले केही पर्यावरण राम्रो भएको छ भने किसानलाई ठूलो राहत भएको छ', उनले भने , 'अहिले हिउँदे वर्षा सकिए प्रि-मनसुन सुरु भइसकेको छ ।' वर्षका कारण सहरी क्षेत्रमा बढेको प्रदूषण न्यूनिकरणमा पनि ठूलो सहयोग पुगेको छ। चैतको पहिलो साता भएको वर्षाबाट खासगरी मकै, चैतेधान र हिमाली क्षेत्रमा आलुलगायत बालीनाली लगाउन लागि किसानलाई सहज भएको उनको भनाइ छ ।

'कात्तिकदेखि फागुनसम्म वर्षा नहुँदा सुक्खापन र खडेरी बढेको थियो । खडेरीपछिको वर्षाले किसान खुसी भएका छन् । वातावरण सफा भएको छ', वरिष्ठ मौसमविद् कँडेलले भने।

वातावरणविद् भुषण तुलाधरले वर्षाले वातावरणलाई स्वच्छ र सफा बनाएको बताए । 'वर्षाले पर्यावरणमा सकारात्मक प्रभाव पार्छ, वातावरण सफा बनाउनुका साथै जलवायु परिवर्तनलाई कम गराउँछ,' उनले भने , 'साधारणतया यो सिजनमा प्रदूषण बढी हुन्छ। लामो समयदेखि वर्षा नभइरहेको अवस्थामा भएको वर्षाले वायु प्रदूषण नियन्त्रणमा सहयोग पुग्नुका साथै कृषि क्षेत्रलाई ठूलो राहत मिलेको छ ।' मार्च, अप्रिल र मेमा हुने वर्षालाई प्रि-मनसुन मानिन्छ । यो सिजनमा बिहान र दिउँसो मौसम सामान्यतया सफा रहेपनि अपरान्हपछि मेघगर्जन, चट्याङ, हावाहुरी, असिनासहित क्षणिक हल्कादेखि मध्यम वर्षाको सम्भावना रहने मौसम पूर्वानुमान महाशाखाका मौसमविद् रोजन लामिछानेले बताए।

'वर्षाले वातावरण सफा भएको छ, प्रदूषण कम हुनका साथै किसानलाई पनि राहत भएको देखिन्छ । हिमाली भू-भागमा हिमपात भइरहेकाले पनि मौसम सफाल भएको छ,' उनले भने। यो सर्वोच्च शिखर सगरमाथासहितका विभिन्न हिमाल आरोहणका लागि उल्लेख्य संख्यामा विदेशी आरोही आउने सिजन पनि हो । यही समय सर्वाधिक संख्यामा स्वदेशी तथा विदेशी आरोही आरोहणमा जाने गर्छन् । पछिल्ला दिनमा भइरहेको वर्षाका कारण देशका उच्च पहाडी तथा हिमाली क्षेत्रमा हिमपात पनि भइरहेको छ । हिमपातका कारण कालापत्थर जस्तै देखिन थालेका हिमाल सेताम्मे भएका छन् ।

मौसम पूर्वानुमान महाशाखाका अनुसार देशका वर्षाको कारण पूर्वदेखि पश्चिमसम्मको उच्च पहाडी तथा हिमाली क्षेत्रमा हल्कादेखि मध्यम हिमपात भएको छ । गए राति भएको वर्षासँगै ताप्लेजुङको प्रसिद्ध पाथीभरा क्षेत्रमा दोस्रो पटक हिमपात भएको छ । पाथीभरा क्षेत्र विकास समितिका कर्मचारी राजेन्द्र महतका अनुसार पाथीभरा मन्दिर क्षेत्रमा आज पनि सामान्य हिमपात भएको छ। तीन हजार सात सय ९४ मिटर उचाइ रहेको प्रसिद्ध तीर्थस्थल पाथीभरा क्षेत्रको तल्लो फेदी काफ्ले पाटीसम्मै हिउँ परेको उनले जानकारी दिए। उच्च हिमाली क्षेत्रमा निकै बाक्लो हिउँ परेको छ। हिउँ परेसँगै यहाँ पर्यटकको संख्या पनि बढेको छ।

यस्तै फक्ताङ्लुङ गाउँपालिका-६ लेलेपको घुन्सा, फले, वडा ७ ओलाङ्चुङगोला, याङमालगायत जिल्लाको हिमाली बस्तीमा एक फिट बढीसम्म हिउँ परेको स्थानीयको भनाइ छ। अनुकूल मौसमले देशका पर्यटकीय गन्तव्यमा पुग्ने आन्तरिक तथा बाह्य पर्यटकलाई सहजता मिलेको छ । पर्यटन विभागका अनुसार वसन्त ऋतुमा हिमाल आरोहणका लागि यतिखेर विभिन्न मुलुकका आरोहीले धमाधम आरोहण अनुमति लिइरहेका छन्।

**बुधबारदेखि मौसम सुधार**

हाल देशमा स्थानीय वायुसँगै पश्चिमी वायुको सामान्य प्रभाव छ। जसका कारण हाल देशभर सामान्यदेखि पूर्ण बदली रही केही स्थानमा मेघगर्जन, चट्याङसहित वर्षा भइरहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

मौसमविद् लामिछानेका अनुसार अहिले सुदूरपश्चिम र कर्णाली प्रदेशका केही स्थानमा हल्का वर्षा भइरहेको छ। देशका पहाडी भूभाग र तराईका केही क्षेत्रमा मेघगर्जन, चट्याङ, हावाहुरसहित वर्षाको सम्भावना छ ।

भोलिदेखि क्रमिक रुपमा मौसम सुधार हुनेछ भने क्षणिक बदली र वर्षा भए पनि निरन्तर मौसम प्रतिकूल भने हुने छैन । दिउँसो देशभर सामान्यदेखि पूर्ण बदली रही सुदूरपश्चिम र लुम्बिनी प्रदेशलगायत देशको पहाडी भू-भागका केही स्थानमा तथा बाँकी भू-भागका थोरै स्थानमा मेघगर्जन, चट्याङ, हावाहुरी, असिनासहित क्षणिक हल्कादेखि मध्यम वर्षाको सम्भावना छ ।रासस

# सरकारी लगानी उत्पादकत्व वृद्धिमा केन्द्रित हुनुपर्छ : मुख्यमन्त्री



मोरङ, ७ चैत।
कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले सरकारले गर्ने लगानी उत्पादकत्व वृद्धि गर्नमा केन्द्रित हुनुपर्ने बताएका छन् । भौतिक पूर्वाधार विकास मन्त्रालय, विराटनगर महानगरपालिका र उद्योग सङ्गठनको संयुक्त लगानीमा विराटनगर-१७ रानी भन्सार एक नम्बर गेट क्षेत्रमा निर्माण गरिने आकाशे पुल र स्वागतद्वारको मंगलवार शिलन्यास गर्दै उनले भने, 'सरकारले गर्ने लगानीले उत्पादन वृद्धि गर्नुपर्छ ।'

मुख्यमन्त्री कार्कीले सरकारले निर्माण गर्ने संरचना र परियोजनाको लगानीले मुख्यरुपमा उत्पादन वृद्धि, व्यापार घाटा न्यूनीकरण, आयात प्रतिस्थापन एवं रोजगारको प्रबन्ध गर्नुपर्ने प्रष्ट पार्नुभयो । उनले सरकारले निर्माण गर्ने संरचनाको सौन्दर्यकरण भएमा आम नागरिकले प्रचारप्रसार गरी गर्वको अनुभूति गर्ने विचार राखे ।

मुख्यमन्त्री कार्कीले सरकारले आगामी नीति तथा कार्यक्रम एवं बजेटमार्फत पाँचभित्र गरिने विकासका कार्यले जनताले सुखद अनुभूति गर्ने बताए । सरकार अब कुनै किसिमको अलमलमा नलाग्ने उल्लेख गर्दै उनले सरकारको थैलीको आकारका आधारमा विकास निर्माण कार्यको प्राथमिकता तोक्ने बताए ।भौतिक पूर्वाधार विकासमन्त्री दुर्गाप्रसाद चापागाईंले प्रदेशमा विकासका कार्यले गति लिन सुरु गरेको दाबी गर्दै प्रदेशको विविध क्षेत्रको झल्को दिनेगरी द्वारको निर्माण गरिने जानकारी दिए। विराटनगर महानगरपालिका उपप्रमुख शिल्पा निराला कार्कीले नगर बनाउन तीव्र रुपमा कार्य भइरहेको र आगामी दुई वर्षभित्र जनताले नयाँ नगरको रुपमा अनुभूति गर्ने धारणा राखे। सहरी विकास तथा भवन कार्यालयका रुद्रनारायण मिश्र, नेपाल उद्योग परिसङ्घका भीम घिमिरेले निर्माण गरिने संरचना गुणस्तरीय एवं समय सम्पन्न गर्नुपर्नेमा जोड दिए।

उक्त पुल एवं स्वागतद्वार निर्माणका लागि प्रदेश सरकारको ७०, महानगरको २५ र सङ्गठनको पाँच प्रतिशत गरी रु छ करोड २५ लाख २४ हजार नौ सय ४४ मा ह्यावीट्याट-आशिसदीप जेभी भद्रपुरले आगामी दुई वर्षभित्र सम्पन्न गर्ने जनाएको छ।रासस

# करका विषयमा मागियो सुझाव




काठमाडौं, ७ चैत।
राजस्व परामर्श समितिले आगामी आर्थिक वर्ष २०८०/८१ को बजेटमा कर प्रशासन सुधारका लागि सुझाव माग गरेको छ।

अर्थ मन्त्रालयले आगामी आर्थिक वर्षको बजेट निर्माणका लागि गठन गरेको सो समितिले आज एक सूचना जारी गर्दै सुझाव माग गरेको हो।

'आगामी आर्थिक वर्ष २०८०/८१ को आर्थिक ऐन, तर्जुमा गर्दा अवलम्बन गर्नुपर्ने राजस्व नीतिका साथै भन्सार महसुल, मूल्य अभिवृद्धि कर, आयकर, अन्तशुल्क, गैरकर एवम् चुहावट नियन्त्रण लगायत समग्र राजस्व प्रशासनको सुधारका सम्बन्धमा चैत २० गतेभित्र सुझाव उपलब्ध गराउन निजी क्षेत्र, सरकारी निकाय एवं सरोकार राख्ने सबैमा अनुरोध गरिन्छ,' समितिले जारी गरेको सूचनामा भनिएको छ।

समितिले विषयगत ९ वटा उपसमितिलाई सुझाव पठाउन सकिने सूचनामा उल्लेख गरेको छ।

जसमा आन्तरिक राजस्व उपसमिति, भन्सार उपसमिति, उद्योग वाणिज्य, लगानी तथा निर्यात प्रवर्द्धन उपसमिति, राजस्व चुहावट नियन्त्रण तथा सम्पत्ति शुद्धीकरण अनुसन्धान उपसमिति, कृषि ऊर्जा तथा पर्यटन उपसमिति, बैंक वित्तीय संस्था बीमा सहकारी तथा पुँजीबजार उपसमिति, गैरकर उपसमिति, अन्तरसरकारी राजस्व व्यवस्थापन उपसमिति, राजस्वसम्बन्धी ऐन नियम प्रशासनिक सुधार उपसमिति छन् ।रासस

# डढेलो रोकथामका लागि अभियान



मध्यबिन्दु, ७ चैत।
नवलपरासी (बर्दघाट सुस्तापूर्व) मा वन डढेलो रोकथामका लागि विशेष अभियान सञ्चालन गरिएको छ।जिल्लाका अधिकांश वन डढेलोको उच्च जोखिममा भन्दै संरक्षणका लागि विशेष अभियान सञ्चालन गरिएको हो।

वन डढेलो व्यवस्थापनका लागि निरोधात्मक उपाय अवलम्बन गर्दै वन डढेलोबाट हुने जन, धन र वनको क्षति न्यूनीकरण गर्नका लागि चैत १ देखि ७ सम्म 'वन डढेलो सचेतना सप्ताह' कार्यक्रम सञ्चालन गरिएको डिभिजनल वन अधिकृत मोहनराज काफ्लेले बताए । सोअन्तर्गत फायरलाइन रेखा सफा गर्ने, डेमो गराउने, पातपतिङ्गर हटाउने तथा जलाउनेलगायत काम गरिएको छ । कार्यालयले समुदाय, वन कर्मचारी तथा सरोकारवाला निकायसँग अन्तरक्रिया गर्दै सप्ताहव्यापीरूपमा कार्यक्रमलाई अगाडि बढाएको डिभिजन वन अधिकृत काफ्लेले बताए। 'चैत १ देखि सुरू भएको सप्ताहव्यापी कार्यक्रमअन्तर्गत राजमार्ग सडक तथा भित्री सडक छेउछाउको पातपतिङ्गर हटाउने, सरसफाइ गर्ने र पूर्वतयारीका कार्यक्रम गरिएको छ,' उनले भने ।वनमा डढेलो लाग्न नदिन सबै नागरिकलाई सचेत हुन डिभिजन वन कार्यालयले आग्रह गरेको छ । डिभिजन वन कार्यालय नवलपुरका प्रमुख मोहनराज काफ्लेले यस जिल्लाको अधिकांश सामुदायिक वन डढेलोको उच्च जोखिममा रहेकाले सबैलाई सर्तक र सुरक्षा अपनाउन आग्रह गरे । वन डढेलो जोखिम उच्च जिल्लामध्ये नवलपरासी (बर्दघाट सुस्तापूर्व) १६औं स्थानमा रहेकाले डढेलोबाट वन जोगाउन सबै व्यक्ति सचेत हुन आवश्यक रहेको प्रमुख काफ्लेले बताए। जिल्लामा ५८ प्रतिशत भूभाग वनजङ्गलले ढाकेको छ।

'वन जङ्गलमा सुक्खा मौसमको समयमा लाग्ने आगलागी तथा डढेलोबाट हुनसक्ने नोक्सानी र डढेलो लाग्नै नदिने उपाय बारे सरोकारवालालाई जानकारी गराउने काम गरिएको छ', उनले भने, 'जिल्लामा वन डढेलोका कारण हुने गरेको क्षति, प्रभाव, वन डढेलोबाट वन जोगाउन खेल्नुपर्ने भूमिका र यसका चुनौतीका विषयमा व्यापकरूपमा सुचित गरिएको छ।'

नेपालमा मानवीय कारणले गर्दा बढी वन डढेलो हुने गरेको तथ्याङ्कमा देखिएको छ। मानवीय कारणले ९६ प्रतिशत, प्राकृतिक कारणले १ प्रतिशत र ४ प्रतिशत वन डढेलोका कारण थाहा नभएको काफ्लेले बताए । 'घाँस पलाउने, च्याउ आउने भन्ने धारणका कारण वनमा आगो लगाउने, वन्यजन्तुको सिकारका लागिसमेत कतिपयले वनमा जानाजान आगो लगाउने गर्दा ठूलो वन विनाश हुने गरेकाले समुदायले यस्ता प्रवृत्तिको रोकथामका लागि काम गर्नुपर्ने देखिन्छ', उनले भने।

डढेलोले जनधन, वन र जैविक विविधता तथा पारि स्थितिक प्रणालीमा समेत क्षति गर्ने हुँदा यसको रोकथाममा उपभोक्ता, वन हेरालु र वन उपभोक्ताको उपसमिति, नेपाली सेनासँग सहकार्य गरी अभियान सञ्चालन गरिएको हो ।

यसैबीच आगलागीका कारण निम्तिने विपद्लाई न्यूनीकरण गर्न जिल्लाकै देवचुली नगरपालिकामा फायर हाइड्रेन्ट जडान गरिएको छ । सम्भावित घटनालाई सहज वातावरण सिर्जना गर्न फायर हाइड्रेन्ट जडान गरिएको प्रगतिनगर खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाका अध्यक्ष खिमानन्द भुसालले बताए।

# चर्को मूल्यवृद्धिविरुद्ध आवाज उठाउनेलाई प्रहरीले मुख थुने

मधेशदृष्टि
काठमाडौ, ७ चैत। बैंक ऋण ब्याज मिनाहा र चर्को मूल्यवृद्धि बारे प्रधानमन्त्री पुष्पकमल दाहाल सामु आवाज उठाउंदा प्रहरीले मुख थन्दै पक्राउ गरेका छन्।

मंगलवार काठमाडौको बानेश्वरमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड सामु बैंक ब्जायदर बारे आवाज उठाउँदै उनी बिरुद्ध नाराबाजी गर्दा प्रहरीले तिनीहरुको मुख थन्दै आफ्ना भ्यानमा थुनेका थिए।

५८ औं अन्तर्राष्ट्रिय जातीय भेदभाव उन्मुलन सार्वजनिक समारोहमा जाँदै गर्दा तीन जना युवाले प्रधानमन्त्री बिरुद्ध नाराबाजी गरेका हुन्। कार्यक्रममा एक युवाले प्रधानमन्त्रीलाई आफ्ना कुरा राख्न पाउनुपर्ने भन्दै प्रहरीलाई आग्रह गरेका थिए।



तर प्रहरीले ती युवालाई समाउन खोज्दा उनले प्रचण्डबिरुद्ध नाराबी गर्दै बिरोध जनाएका थिए। त्यसबीचमा अर्को एक जना युवाले प्रहरीले मुख बन्द गर्न पाइँदैन भन्दै नारा लगाए।दुवै जना युवालाई प्रहरीले गाडीमा राख्दै गर्दा दुवै जना युवाले मूल्यवृद्धि खारेज गर्, नालयक सरकार होसियार, युवालाई मार्न पाइँदैन यस्तो सरकार चाहिँदैन, ७७ जिल्लाका युवा एक हौं भन्दै नाराबाजी गरेका थिए।

उनीहरुलाई प्रहरीले नियन्त्रणमा लिएसँगै कार्यक्रम स्थलमा प्रधानमन्त्री प्रचण्ड पुगेका थिए।

प्रधानमन्त्री दाहाल कार्यक्रमस्थलमा जाँदै गर्दा उनकै अगाडि एक युवाले बैंकको मिटर ब्याज मिनाह गर भन्दै नारा लगाएका थिए। ती युवालाई प्रहरीले तत्काल नियन्त्रणमा लिएको थियो।

# छलफलमा पुगेका कर्णले विष पिउँदा प्रहरी बेखबर

मधेशदृष्टि
जनकपुरधाम, ७ चैत। जिल्ला प्रहरी कार्यायल धनुषामा एकजना व्यक्ति विष सेवन गरी गरेको सिकिस्त अवस्थामा भेटिएका छन्।

धनुषाको जनकपुरधाम उपमहागरपालिका वडा नं. ४ का ४५ वर्षीय शैलेन्द्र कर्ण जिल्ला प्रहरी कार्यालयमा विष सेवन गरेको अवस्थामा साढे ४ बजेतिर भेटिएका हुन्।

लेनदेनको छिनोफानोको क्रममा उनले आवेगमा विष सेवन गरेको बताइएको छ।

प्रहरीउपरीक्षकविश्वराजखड्काले जनकपुरधामकै कदमचोकबाट आफू विष सेवन गरी आएको भन्ने बयान प्रहरीमा उनले दिएको बताए। विष सेवनबाट सिकिस्त बनेका उनलाई जनकपुरधामको



जानकी हेल्थकेयरको आइसियुमा भर्ना गरिएको छ।

उनकी श्रीमती किरण कर्णले प्रहरीले जिल्ला प्रहरीमा विष सेवन गरेको अवस्थामा छन् भनेर प्रहरीले खबर गरेपछि आफूलाई थाहा भएको बताइन्। कर्ण दालमोटसहित भूजाको व्यवसाय गर्दै आएका छ्न। लेनदेनको विषयमा जिल्ला प्रहरी कार्यालयमा छलफलका लागि प्रहरीले बोलाएको थियो। प्रहरीले थुनिदिन्छु भन्ने लगायतको धम्की र दबाब दिएपछि विष सेवन गरेको हुन सक्ने परिवारजनको आरोप छ।

यता प्रहरीले कर्णले लेनदेनका क्रममा शुभाष भन्ने व्यक्तिलाई चेक दिएका रहेछन्। चेक बाउन्स भएपछि शुभाष प्रहरीमा गएको र सोहि लेनदेनको विषयमा जिल्ला प्रहरी कार्यालयमा छलफलका लागि उनलाई बोलाएको थियो। कर्णलाई प्रहरीले पैसा दिनुहुन्छ कि कारवाही प्रक्रिया अगाडि बढाँउ ?

मुद्दा पनि चल्न सक्छ सहितका कुरा गरेपछि कर्ण बाहिर गएर त्रासले विष सेवन गरेको हुन सक्ने प्रहरीको भनाइ छ।

# साढे ४ लाखभन्दा बढीको अवैध टायल्स बरामद

मधेशदृष्टि
महोत्तरी, ७ चैत। महोत्तरी प्रहरीले भारतबाट अवैध रुपमा नेपाल भित्र्याइएको साढे चार लाख भन्दा बढी मूल्यबराबरको टायल्स बरामद गरेको छ।

जलेश्वर नगरपालिका-२स्थित जय माँ ईन्टर प्राईजेजका सञ्चालक सूर्य नारायण साहले भारतबाट भन्सार छली गरी ल्याएको २ सय ८२ कार्टुन टायल्स प्रहरीले बरामद गरेको छ। बरामद गरिएको टायल्स ४ लाख ६ हजार ४ सय मूल्य बराबरको रहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका सूचना अधिकारी सरोज राईले दिएको जानकारी अनुसार टायल्स बोकेर ल्याउने भारत बिहारको सितामढी सिर्खण्डी भिठामोड-५का १९ वर्षीय प्रभात कुमार, सोही ठाउँका १९ वर्षीय विभु कुमार र १९ वर्षीय साजन कुमार महतोलाई समेत नियन्त्रणमा लिइएको छ। यिनीहरुले साइकलमा बोकेर सामान नेपाल ल्याएको जनाइएको छ। पक्राउ परेकाहरुलाई जिल्ला प्रहरी कार्यालयमा राखेर अनुसन्धान भइरहेको छ।

त्यसैगरी महोत्तरी प्रहरीले सम्सी गाउँपालिका-३ बैरगिया स्थित भारतबाट भन्सार छली गरी नेपाल तर्फ प्लाष्टिकको क्यारेटमा ल्याइएको ५० किलो कुखुरा बरामद गरेको छ। नियन्त्रणमा लिइएको कुखुरा नष्ट पारिएको छ। यसैबीच मनराशिस्वा नगरपालिका-१० स्थित बथनाहा दशगजामा जिल्ला प्रहरी कार्यालय महोत्तरी र प्रहरी चौकी बथनाहा महोत्तरीबाट खटेको संयुक्त टोलीले १ लाख बराबरको मदिरा नियन्त्रणमा लिएको छ।

३२ वटा बोरामा राखिएको ९६ कार्टून सोफी रक्सी नेपालबा खटिएको संयुक्त प्रहरी टोलीले अबैध रुपमा १३ वटा भारतिय मोटरसाईकलमा ३२ बोरामा ९६ कार्टुन सोफी मदिरा नियन्त्रणमा लिएको जनाइएको छ। सो मदिरा भारततर्फ लैजान लागेको जिप्रका महोत्तरीले जनाएको छ। नियन्त्रणमा लिइएका सामानहरुलाई भन्सार कार्यालय मलिवारामा पठाउने तयारी भइरहेको जनाइएको छ।

त्यस्तै आइतबार प्रहरीले सम्सी गा.पा.- ५पोखरभिण्डा स्थित सोही ठाउँका सुनिल यादवले संचालन गरेको ममता पोल्ट्री फर्मको ताल्चा फुटाई अपरिचित व्यक्तिले भारतबाट भन्सार छली गरी ल्याई राखेको ७ स ६० किलो ग्राम खैनी बरामद गरेको थियो। बरामद गरिएको खैनी १ लाख ६७ हजार मूल्य बराबरको रहेको सूचना अधिकारी राईले बताए।

# बनेको २४ घण्टामै बगायो कल्भर्ट

मधेशदृष्टि , जनकपुरधाम, ७ चैत। धनुषा र सिरहा जिल्ला जोडने कमला नदीमा ठेकेदारले बनाएको अस्थायी कलभर्ट बगेको छ। कमला पूलभन्दा दक्षिणतर्फ सोमबार मात्र निर्माण गरिएको अस्थायी कलभर्ट मंगलबार बिहान एक दिनपनि नबित्दै बगेको पाईएको छ। फराकिलो मुख भएको कलभर्ट भएपनि कमला नदीको पानीले बगाएको बताइएको छ। अस्थायी कलभर्टमा अहिले बग्ने पानीको बहाबभन्दा ४० गुणा अधिक क्षमता भएपनि कलभर्ट बगेको पाइएपछि शंका उत्पन्नन भएको छ। अस्थायी कलभर्टको केही दुरीमा एक स्थानीयले बनाएको नीजि



पूलबाटै आवतजावत होस भन्ने उदेश्यले पनि कलभर्ट योजना तहत बगाईदिएको शंका गरिएको छ। सार्वजनिक कमला नदी कब्जा गरी बनाइएको अस्थायी काठको पूलमा ओहोर दोहोर गर्न ३० रुपैयाँ लिने गरेको छ। एक दिनको कमाई करिब २५ हजार रुपैयाँसम्म हुँदै आएकोले सोही निहुँमा कलभर्ट बगाइदिएको हुन सक्ने शंका गरिएको छ। यद्यपी, कलभर्ट कसरी बग्यो भनेर अहिले खुलेको छैनन्।

कलभर्टको पानी ऋस हुने क्षमता अधिक रहेको छ। पानीको बहाबभन्दा क्षमता अधिक रहेपनि कलभर्ट कसरी बग्यो भने शंका पनि गरिदैछ।

# वैशाख १० गते हुने उपनिर्वाचनको खर्च ४७ करोड

मधेशदृष्टि
काठमाडौ, ७ चैत। तनहुँ-१, बारा-२ र चितवन-२ मा एकैसाथ हुन गइरहेको उपनिर्वाचनमा ४७ करोड रुपैयाँ खर्च हुने अनुमान निर्वाचन आयोगले गरेको छ।

आगामी वैशाख १० गते प्रतिनिधि सभा सदस्यका हुने उपनिर्वाचनका लागि निर्वाचन आयोगको लेखा शाखाका एक कर्मचारीका अनुसार तीन वटै क्षेत्रमा हुने निर्वाचनका लागि आयोगले अर्थ मन्त्रालयसँग बजेट माग गर्ने तयारी समेत गरेको छ।

तीन वटै निर्वाचन क्षेत्रमध्ये मतदान केन्द्र बढी भएको स्थानमा बढी खर्च हुने अनुमान गरिएको छ। सबैभन्दा बढी रकम कर्मचारी भत्तामा खर्च हुने ती कर्मचारीले बताए। 'सबैभन्दा बढी रकम त निर्वाचनमा परिचालन हुने जनशक्तिमा नै खर्च हुन्छ,' लेखा शाखाका ती कर्मचारीले लोकान्तरसँग भने,'त्यसबाहेक निर्वाचन सामग्री, कार्यालय सामग्रीमा खर्च हुन्छ।'

आयोगका सचिवदेखि अन्य सहसचिवहरू समेत विदेश भ्रमणमा रहेकाले सबै फर्किएपछि उक्त रकम माग गरिने उनले बताए। चितवन-२ मा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने चुनाव जितेका थिए। तर अमेरिकी नागरिकता र राहदानी काण्डमा उनको सांसद पद गएपछि त्यहाँ उपनिर्वाचन हुन लागेको हो।

नेपाली कांग्रेसका सांसद रामचन्द्र पौडेल राष्ट्रपतिमा निर्वाचित भएपछि तनहुँ क्षेत्र नम्बर १ पनि रिक्त छ। त्यस्तै उपराष्ट्रपतिमा रामसहाय यादव निर्वाचित भएपछि बारा क्षेत्र नम्बर २ मा उपनिर्वाचन हुन लागेको हो।

## सचिवको पदीय........................................

नाममा सञ्चालन गरिएपछि विवाद बढ्न थाल्यो। विवाद साम्य नहुँदा मन्त्रालयको कामकाज नै ठप्प भई अस्तव्यस्त बन्न पुग्यो।

सेवाग्राही मन्त्रालयमा जाँदा सचिव नै भेटिँदैन। दुईवटा सचिव हुँदाहुँदै पदीय विवादले धेरै काम रोकिएका छन्। एक सेवाग्राहीले भने, 'एउटा सिफारिसका लागि तोक लगाउन एक महिना भन्दा बढी समय मन्त्रालय धाएपछि निमित्त सचिव रञ्जित यादवको मोबाइल नम्बर पता लगाएर प्रदेश सभामा गएर तोक लगाउनु पऱ्यो।' यी त उदाहरण मात्र हुन्, यस्ता कयौं सेवाग्राही समस्या खेपिरहेका छन्। कयौंको कामका फाइल रोकिएका छन्।

निमित्त सचिव महतोले वरियताक्रममा यादव भन्दा आफू वरिष्ठ रहेकाले निमित्त सचिवको जिम्मेवारी पाउनु पर्ने दाबी गरे।

उनले भने, 'यादव म भन्दा कनिष्ठ उपसचिव हुन्, म उहाँभन्दा वरिष्ठ हुँ। समायोजनदेखि बढुवासम्मको अंक हेर्नुहोस्, म भन्दा कनिष्ठको तल बसेर कसरी काम गरु ?' महतोले आफ्नो पदीय धर्म र मर्मले कनिष्ट कर्मचारीकहाँ जान मन नमानेको बताए।

महतोले भने, 'रञ्जितजी हुँदाहुँदै आफूलाई निमित्त सचिवको जिम्मेवारी दिन्छु भनेर मुख्यमन्त्री कार्यालयले बाराबाट बोलायो। यहाँ आउँदा त सो पदमा रञ्जितजी देखेपछि, प्रमुख सचिवज्यूकहाँ कुरा राख्दा मिलाउँछु भनेर आश्वासन पनि दिनु भयो। तर आश्वासन दिएको तीन महिना बितिसक्दा पनि समस्या सम्बोधन भएन, सेवाग्राहीको काम पनि रोकियो।' स्रोतका अनुसार, उपसचिव यादव मुख्यमन्त्री सरोजकुमार यादवका निकटतम र विश्वास पात्र हुन्। सभामुख रहेकै बेला मुख्यमन्त्री यादवसँग उपसचिव यादवले लामो समयसम्म काम गरेका थिए। यही घनिष्टताले मुख्यमन्त्री यादवले आफूलाई सहज हुने गरी उनलाई महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालयको जिम्मेवारी दिएका हुन्।

यता प्रमुख सचिव कृष्णबहादुर राउतलाई उदृत गर्दै मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रवक्ता विपिन ठाकुरले भने, 'प्रदेशसभाका सचिव समेत रहेका यादवलाई मन्त्रालयको निमित्त सचिवको जिम्मेवारी दिँदा उपसचिव महतो यहाँ हुनुहुन्थेन, निमित्त सचिवको विवादलाई ३-४ दिनभित्रै मिलाउँछौं।'




## सरकार विस्तार ........................................

नागरिक उन्मुक्ति, डा. बाबुराम भट्टराईको पार्टी, स्वतन्त्र सांसद प्रभु शाह र अमेरेशकुमार सिंह गरी ५ मध्ये ४ दलले मात्रै १/१ मन्त्रालय पाउँदा बाँकी ८ वटा मन्त्रालय पनि सकिनेछन्। एक सांसद जित्नेलाई मन्त्री नदिइए जसपा, नेकपा एस, जनमत र लोसपाले पनि नै थप मन्त्री माग्ने देखिन्छ। हुनत सरकारमा अघिदेखि नै माओवादीका ५ र जनमतका एक मन्त्री छन्।

सरकारमा मन्त्री बन्न प्रभावशाली नेतासहितका दाबेदार धेरै भएपछि कांग्रेसले मन्त्री बन्नका लागि मापदण्ड नै तय गरेको छ। आइतबार बसेको कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिको बैठकले योगदान र योग्यताका आधारमा समावेशी र प्रादेशिक सन्तुलन मिलाएर मन्त्री चयन गर्ने निर्णय गरेको थियो।

कांग्रेसले यसअघि पहिले नै मापदण्ड तोकेर मन्त्री चयन गर्ने गरेको थिएन। तर यसपटक प्रभावशालीसहित दाबेदार धेरै भएपछि कांग्रेसले मापदण्ड तोकेको हो। 'नेपाली कांग्रेसका तर्फबाट सरकारमा सहभागी हुने मन्त्रीहरू चयन गर्दा योगदान र योग्यताको मुख्य दुई आधारमा समावेशिता र प्रादेशिक सन्तुलन दृष्टिगत गरेर चयन गर्ने निर्णय गरिएको छ।'

समावेशी र प्रादेशिक भनेर मापदण्ड तोक्दा एउटै प्रदेशबाट १ जनाभन्दा बढी मन्त्री बन्ने सम्भावना कम देखिएको हो। सत्ता गठबन्धनको भागबन्डामा कांग्रेसले बढीमा ८ मन्त्रालय पाउनेछ। सात प्रदेशबाट १/१ जना मन्त्री हुँदा एउटा मात्रै प्रदेशबाट २ जना मन्त्री हुने देखिन्छ। कांग्रेस नेता एनपी साउदले दलले लिने मन्त्रालयको टुंगो लागेपछि मात्रै कांग्रेसले सरकारमा पठाउने मन्त्रीको नाम टुंग्याउने बताएका छन्।

### कांग्रेसबाट मन्त्रीका आकांक्षीहरु

प्रचण्ड नेतृत्वको सरकारका कसले नेतृत्व गरेर जाने भन्नेमा अझै टुंगो लागिसकेको छैन। सरकार विस्तारको तयारी छलफलमा उपसभापति पूर्णबहादुर खड्का एक्लै भिडेका छन्। मंगलबार बिहान पनि खड्का प्रधानमन्त्री प्रचण्डसँग छलफलका लागि बालुवाटार पुगेका थिए। कांग्रेसले यसपटक ८ वटासम्म मन्त्री पाउने देखिएको छ। ८ वटामा शेखर पक्षले बढीमा २ वटा मात्रै पाउने संस्थापन पक्षका नेताहरू बताउँछन्।

प्रादेशिक सन्तुलन मिलाउँदा कोशी र गण्डकी प्रदेशमा शेखर पक्षले मन्त्री पाउने देखिन्छ। कोशीबाट देउवा निकटकी सीता गुरुङ वा डा. शेखर कोइराला निकटका डिकबहादुर लिम्बु मन्त्री बन्ने बताइन्छ। तर, देउवा पत्नी आरजु राणा मन्त्री बने गुरुङ होडबाट पछि हट्नुपर्ने बताइन्छ। मधेशबाट देउवा निकटका रमेश रिजालको सम्भावना बढी छ। विमलेन्द्र निधिलाई सरकारमा नेतृत्व गरेर पठाउन देउवाभन्दा उनकी पत्नी आरजू बढी इच्छुक भएको बताइन्छ। उपसभापति खड्का र पूर्व उपसभापति सिंहले सरकारको नेतृत्व नगरे निधिले नै कांग्रेसको तर्फबाट सरकारमा नेतृत्व गरेर जाने सम्भावना छ। मधेशबाट अजयकुमार चौरसिया, तेजुलाल चौधरी, रामकृष्ण यादव, मुक्ता यादव, दिनेश यादव पनि मन्त्रीका लागि दाबेदार नाम हुन्। चारपटक सांसद भइसकेका रिजाल अहिलेसम्म मन्त्री भएका छैनन्।

पूर्णबहादुरले सरकारमा नेतृत्व नगरे बाग्मतीबाट प्रकाशमान सिंह मन्त्री बन्नेछन्। अर्थमन्त्रालय पाए गगन थापाले इच्छा देखाएका छन्। अन्यथा मन्त्री नबन्ने घोषणा थापाको छ। गगन नहुँदा बाग्मतीबाट डा. प्रकाशरण महत वा उदयशमशेर राणामध्ये एक मन्त्री हुने बताइन्छ। बाग्मतीबाट अर्जुननरसिंह केसी, मोहबहादुर बस्नेत, प्रदीप पौडेल, राजेन्द्र केसीदेखि दुर्लभ थापासम्म मन्त्रीको दाबेदार रहेको बताइन्छ। गण्डकीबाट प्रदेशबाट मन्त्री बन्न उपसभापति धनराज गुरुङले सबै प्रयत्न लगाइरहेका छन्। उनीबाहेक शंकर भण्डारी, जीवन परियार र राजेन्द्र बजगाईं पनि मन्त्रीका लागि प्रमुख दाबेदार हुन्। डा. शशांक कोइरालाले पनि मन्त्रीका लागि आकांक्षा राखेका छन्। तर उनले यसपटक भन्दा अर्कोपटक परराष्ट्र मन्त्रालय लिएर सरकारमा जान इच्छा देखाएको बताइन्छ।

लुम्बिनीबाट मन्त्रीका लागि किशोरसिंह राठोर, सञ्जय गौतम, विनोद चौधरी र दीपक गिरी मुख्य दाबेदार हुन्। तर, राठोरबाहेकका नेता मन्त्री बन्ने सम्भावना कम रहेको बताइन्छ। कर्णालीबाट उपसभापति पूर्णबहादुर खड्का नै प्रमुख दाबेदार हुन्। उनी नहुँदा हृदयराम थानी मन्त्री बन्नेछन्। सुदूरपश्चिमबाट यसपटक मन्त्रीका लागि बलिया दाबेदार एनपी साउद छन्। साउदबाहेक बद्री पाण्डे, रमेश लेखक, वीरबहादुर बलायर, ईश्वरी न्यौपाने र दीलेन्द्रप्रसाद बडू पनि दाबेदार हुन्।

# युक्रेन द्वन्द्व वार्ताबाटै अन्त्य गरौँ : सी



मस्को, ७ चैत । रुसको दुईदिने राजकीय भ्रमणमा रहेका चीनका राष्ट्रपति सी चीनफिङ र उनका रुसी समकक्षी भ्लादिमिर पुटिनबीच क्रेमलिनमा भेटवार्ता भएको छ । साथै वार्ताका माध्यमबाट युक्रेन द्वन्द्व अन्त्य हुनुपर्नेमा चिनियाँ राष्ट्रपतिल जोड दिएका छन् ।

दुई राष्ट्रपतिबीच चीन र रुस सम्बन्ध र आपसी हितका विषयमा गहन छलफल हुनाका साथै पारस्परिक सम्बन्ध अझ सुदृढ तुल्याउने सम्बन्धमा विचार आदानप्रदान भएको थियो ।

राष्ट्रपति सीले समकक्षी पुटिनको निमन्त्रणामा रुसको राजकीय भ्रमण गर्न पाउँदा आफू खुसी भएको उल्लेख गर्दै १० वर्षअघि आफू राष्ट्रपति निर्वाचित भएपछि आफू पहिले रुसको भ्रमणमा आएको तथा भ्रमणको सम्झना आफ्नो स्मृतिमा आज पनि ताजा रहेका बताए ।

राष्ट्रपति सीले विगत १० वर्षदेखि आफू र राष्ट्रपति पुटिन निकट सम्पर्कमा रहेको तथा चिनियाँ कम्युनिष्ट पार्टी (सिपिसी) को २० औँ राष्ट्रिय अधिवेशनबाट आफू केन्द्रीय समितिको महासचिवमा पुनः निर्वाचित भएपछि रुसी नेता पुटिनले तत्काल बधाई सन्देश पठाएकामा धन्यवाद व्यक्त गरे । साथै उनले आफू केही दिनअघि मात्र चीनकाो राष्ट्रपतिमा पुनः निर्वाचित भएपछि पनि तत्काल बधाई ज्ञापन गर्नुभएकामा राष्ट्रपति पुटिनप्रति आभार व्यक्त गरे ।

चिनियाँ राष्ट्रपतिले आगामी वर्ष रुसमा राष्ट्रपतीय निर्वाचन हुने र नेता पुटिनको सबल नेतृत्वमा रुसले देशको विकासका साथै कायाकल्प गर्ने उल्लेख गर्दै राष्ट्रपति पुटिनप्रति रुसी जनताको दृढ समर्थन रहनेमा आफू विश्वस्त रहेको बताए । चीनले जहिले पनि स्वतन्त्र परराष्ट्र नीतिलाई समर्थन गर्दै आएको, चीन रुस सम्बन्धलाई अझ सुदृढ बनाउन बेइजिङले आफ्नो मौलिक हित र विश्वको प्रचलित प्रवृत्तिका आधारमा रणनीतिक छनौट गरेको उनले स्पष्ट गरे । चीन रुस सम्बन्ध आजको अवस्थामा पुग्नुमा दुई राष्ट्रबीचको ऐतिहासिक सम्बन्धको सुदृढ आधार रहेको तर्क गर्दै चीन र रुस एकअर्काका सबैभन्दा ठूलो छिमेकी एवम् रणनीतिक साझेदार भएका दोहोऱ्याए । दुवै देशले आफ्नो समग्र कूटनीति र विदेश मामिलासम्बन्धी नीतिमा आफ्नो सम्बन्धलाई उच्च प्राथमिकतामा राखेका चिनियाँ राष्ट्रपतिले उल्लेख गरे ।

चीन रुससँगको रणनीतिक सम्बन्ध सुदृढ गर्न दृढ रहेको बताउँदै राष्ट्रपति सीले चीन र रुस दुवै राष्ट्र राष्ट्रिय विकास, विश्व बहुध्रुवतालाई समर्थन तथा अन्तरराष्ट्रिय सम्बन्धमा बृहत्तर लोकतन्त्रका लागि काम गर्न प्रतिबद्ध रहेका उल्लेख गरे ।

चिनियाँ राष्ट्रपतिले दुवै देशले विभिन्न क्षेत्रमा व्यावहारिक सहयोगलाई अझ सुदृढ बनाउनका साथै संयुक्त राष्ट्रसङ्घजस्ता बहुपक्षीय मञ्चमा समन्वय र सहयोगलाई बलियो बनाउँदै विश्व शान्ति र स्थायित्वको आधार खडा गर्नुपर्नेमा जोड दिए । रुसको राजकीय भ्रमण गरेकोर्नुभएकामा राष्ट्रपति पुटिनले सीप्रति आभार व्यक्त गर्दै बितेका १० वर्षमा विकासका सबै क्षेत्रमा चीनले गरेको प्रभावशाली एवम् उत्कृष्ट उपलब्धिको सराहना गरे । राष्ट्रपति सीको सबल नेतृत्वमा त्यो संभव भएको भन्दै त्यसले चीनको राष्ट्रिय राजनीतिक प्रणाली र शासन प्रणालीको सामर्थ्यलाई प्रमाणित गरेको रुसी राष्ट्रपतिले बताए । राष्ट्रपति सीको नेतृत्वमा चीनले निर्धारण गरेका विकास र समृद्धिका लक्ष्यहरू सफलतापूर्वक हासिल गर्नेमा आफू विश्वस्त रहेको बताउँदै राष्ट्रपति पुटिनले दुवै पक्षको ठोस प्रयासले हालैका वर्षमा रुस चीन सम्बन्धले विभिन्न क्षेत्रमा फलदायी नतिजा दिएको उल्लेख गरे । उनले द्विपक्षीय व्यावहारिक सहयोगलाई अझ सबल बनाउन, अन्तरराष्ट्रिय मामिलामा सञ्चार र सहकार्य गर्न मस्को सधै प्रतिबद्ध रहेको बताए । वार्ताका क्रममा युक्रेन मुद्दामा पनि दुवै पक्षबीच गहन विचार आदानप्रदान भएको थियो ।

राष्ट्पति सीले युक्रेनको मुद्दामा शान्ति र न्यायका निम्ति आवाज उठिरहेको बताउनुभयो । उनले विश्वका अधिकांश देशले तनाव कम गर्ने, शान्ति वार्ताको पक्षमा उभिने अभिमत जाहेर गरेका बताउँदै उनले वार्ताको माध्यमबाट समस्याको समाधान गर्नुपर्नेमा जोड दिए । यसैबीच, संयुक्त राज्य अमेरिकाले युक्रेनमा युद्ध अपराध रोक्न चिनियाँ राष्ट्रपतिले रुसी राष्ट्रपतिलाई दबाब दिनुपर्नेमा जोड दिएको छ । अमेरिकी राष्ट्रिय सुरक्षा परिषद्का प्रवक्ताले राष्ट्रपति सीलाई आफ्ना रुसी समकक्षीलाई युक्रेनबाट आफ्ना सेना फिर्ता बोलाउन आग्रह गरेका छन् । प्रवक्ता जोन किर्बीले युद्धविरामको खोजी पर्याप्त नहुने पनि बताएका छन् । जापानका प्रधानमन्त्री फुमियो किशिदा राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीसँग वार्ता गर्न युक्रेनको अप्रत्यासित भ्रमण गर्दै हुनुहुन्छ । उनले रुसको युक्रेनप्रति ऐक्यबद्धता र समर्थन जनाउने अपेक्षा गरिएको छ । जापान र चीनले एकअर्कालाई क्षेत्रीय प्रतिद्वन्द्वीका रूपमा हेरेपनि युक्रेनमा रुसी आक्रमण भएदेखि टोकियोले किएभलाई मानवीय, आर्थिक र गैर-घातक सैन्य सहायताको प्रदान गर्दै आएको छ । सोमबार दुवै राष्ट्रपतिबीच चार घण्टाभन्दा बढी समय वार्ता भएको थियोभने आज पनि औपचारिक छलफल हुँदैछ । (रासस/सिन्ह्वा)

# भूकम्पपीडितका लागि सात अर्ब युरो सहयोग



ब्रसेल्स, ७ चैत

टर्की र सिरियामा गएको विनाशकारी भूकम्पका पीडितहरूका लागि अन्तर्राष्ट्रिय दाताहरूले अहिलेका लागि कम्तीमा पनि सात अर्ब युरो सहयोग गर्ने बाचा गरेका छन् । ती भूकम्प पीडितहरुका लागि सहयोग रकम जुटाउने उद्देश्यले युरोपेली सङ्घले ब्रसेल्समा आयोजना गरेको दाताहरुको सम्मेलनका क्रममा उनीहरुले सो प्रतिबद्धता व्यक्त गरेका बताइएको छ ।सोमबार अन्तर्राष्ट्रिय दाताहरुबाट सो सहयोगको प्रतिबद्धता आएको बताइएको हो । गत महिनाको विनाशकारी ७।८ म्याग्निच्युडको भूकम्पले यी दुई देशमा ठूलो क्षति पुगेको छ । भूकम्पका कारण दक्षिणपूर्वी टर्की र युद्धग्रस्त सिरियाका केही भागहरूमा गरी ५० हजार भन्दा बढी मानिसको मृत्यु भएको बताइएको छ ।यस भूकम्पबाट प्रभावित हुने र विस्थापित हुने व्यक्तिको संख्या पनि लाखौँ जना रहेको संयुक्त राष्ट्रसङ्घको प्रारम्भिक अनुमान रहेको छ ।एक प्रारम्भिक प्रतिवेदनका अनुसार टर्कीमा मात्रै एक सय अर्ब डलरभन्दा बढीको क्षति भएको अनुमान गरिएको छ । उक्त क्षेत्रमा गत हप्ता आएको बाढीले पनि थप दुःख भएको जनाइएको छ ।सोमबार आयोजना गरिएको सो दाता सम्मेलनमा विश्वका विभिन्न देशका ६० भन्दा बढी प्रतिनिधिहरुको सहभागिता रहेको बताइएको छ ।हाल टर्की र सिरियामा सङ्कटग्रस्त अवस्था रहेको र तत्कालै उनीहरुका लागि आवश्यक सहयोग जुटाउन सो सम्मेलनको आयोजना गरिएको र त्यसमा तत्कालै आवश्यक पर्ने सङ्कटकालीन सहयोग अन्तर्गत यो प्रतिबद्धता आएको बताइएको हो । (रासस/सिन्हवा)

# पारिवारिक झगडामा एघारको हत्या



पाकिस्तान, ७ चैत ।

बन्दुकधारीहरुले उत्तरपश्चिम पाकिस्तानमा एक प्रमुख स्थानीय राजनीतिज्ञसहित एघार व्यक्तिको हत्या गरेका प्रहरीले मङ्गलबार जानकारी दिएका छन् । परिवारबीचको दशक लामो प्रतिशोधको कारणले आक्रमण भएको जनाइएको छ ।

पाकिस्तानमा अन्तर-पारिवारिक झगडा सामान्य रहेको छ । खैबर पख्तुनख्वा प्रान्तको जिल्ला परिषद्का नेता ४२ वर्षीय आतिफ मुन्सिफ खानको सोमबार राति इस्लामाबादबाट ३३ किलोमिटर उत्तरमा रहेको हवेलियन सहरमा हत्या भएको प्रहरीले जनाएको छ ।

खान, अंगरक्षक र प्रहरसहित १० जनालाई बोकेको गाडीमा दुई तर्फबाट पाँच जनाले गोली चलाएको र ती सबैको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी अधिकारी ओमर तुफेलले एएफपीलाई बताउनु भएको छ । परिणामस्वरूप गाडीमा आगो लाग्यो र, यसमा सवार सबै जिउँदै जलेका छन् । जलेका शवहरू अहिले पहिचान बाहिर भएको उनले बताएका छन् । खान परिवारले आफ्ना प्रतिद्वन्द्वीहरूलाई हत्याको दोष लगाउँदै लगभग पाँच दशक पुरानो झगडाको कारण देखाउँदै पुलिसमा उजुरी दर्ता गरेका तुफेलले जानकारीले दिएका छन् । यसै पुनारो झगडाको कारण खानका बुबा र हजुरबुबाको पनि ज्यान गएको बताइएको छ । अर्को स्थानीय वरिष्ठ प्रहरी अधिकारी, साजिद तानोलीले घटनाको पुष्टि गरेका छन् । खान इमरान खानको नेतृत्वमा पाकिस्तान तहरीक-ए-इन्साफ ९पीआईआई० पार्टीका सदस्य थिए । (रासस/एएफपी)

# एक सयभन्दा बढी आईएस लडाकु मारिए



काबुल, ७ चैत ।

अफगानिस्तानको कार्यवाहक सरकारको सुरक्षा बलले विगत १२ महिनामा दाएस वा इस्लामिक स्टेट (आईएस) सङ्गठनसँग आबद्ध १०० जनाभन्दा बढी लडाकुहरूलाई मारेको स्थानीय सञ्चारमाध्यम टोलोन्युजले मङ्गलबार उल्लेख गरेको छ । निजी म सञ्चार माध्यमका अनुसार सुरक्षा बलहरूले काबुल, बाल्ख, हेरात र अफगानिस्तानका अन्य भागहरूमा आईएस लडाकुहरू लुकेका ठाउँहरूमा पछिल्लो समय ७० भन्दा बढी सैन्य कारवाही गरेका छन्।

सन् २०२१ अगष्टमा तालिबानले देश कब्जा गरेपछि सुरक्षा स्थितिमा उल्लेखनीय सुधार आएको भए पनि युद्धग्रस्त देशले धेरैजसो आत्मघाती बम आक्रमण र आतङ्कवादी हमलाहरूको भने सामना गरिराखेको छ ।

पछिल्ला आतङ्कवादी हमलाको जिम्मेवारी भने आइएसले लिएको छ । उत्तरी बाल्ख प्रान्तमा भएको उक्त हमलामा प्रान्तीय गभर्नरको मृत्यु भएको थियो भने पाँच जना पत्रकारसहित थुप्रै घाइते भएका थिए । तर विदेश मन्त्री मौलावी अमिर खान मुत्ताकीले अफगानिस्तानको कुनै पनि भागमा आइएसको अस्तित्व नभएको दाबी गर्दै आईएस समूहलाई खतराको रूपमा अस्वीकार गरेका छन् । (रासस-सिन्ह्वा)

# क्रिकेट खेलाडीलाई सम्मान



गण्डकी, ७ चैत । नेपाल भूतपूर्व खेलाडी मञ्च र पोखरा क्रिकेट एकेडेमीले राष्ट्रिय क्रिकेट टोलीका करण केसी र यु-१९ टोलीका सुभाष भण्डारी, अर्जुन कुमाल र दीपकराज डुम्रेलाई मंगलवार सम्मान गरेको छ ।

यू-१९ विश्वकपमा पुऱ्याउन महत्वपूर्ण भूमिका खेल्ने गण्डकी प्रदेशका सुभाष भण्डारी, अर्जुन कुमाल र दीपकराज डुम्रेलाई जनही पाँच हजार रुपैयाँ नगदसहित सम्मानपत्र प्रदान गरिएको हो । त्यस्तै लिग टु क्रिकेटमा नेपाललाई क्वालिफायर राउण्डमा पुऱ्याउन भूमिका खेल्ने नेपाली राष्ट्रिय टोलीका सदस्य करण केसी लाई मञ्चले २० हजार रुपैयाँ नगदसहित सम्मानपत्र प्रदान गरेको हो ।

आइसिसी विश्वकप लिग टु का खेलमा केसीले कूल ५० विकेट लिएका थिए र साथै अन्य तीन जना खेलाडीले सन् २०२४ मा श्रीलङ्कामा हुने विश्वकपमा छनोटमा उत्कृष्ट प्रदर्शन गरेका थिए । उनहरूलाई मञ्चका कार्यबाहक अध्यक्ष दिलबहादुर गुरुङ, निवर्तमान अध्यक्ष तेज गुरुङ, संस्थापक अध्यक्ष खड्गबहादुर रानाभाटलगायतले सम्मान गरे । उक्त अवसरमा पोखरा क्रिकेट एकेडेमीका तर्फबाट चारै जना खेलाडीलाई जनही पाँच हजार रुपैयाँ प्रदान गरी सम्मान गरिएको थियो । कार्यक्रममा मञ्चका कार्यबाहक अध्यक्ष गुरुङले नेपाली राष्ट्रिय क्रिकेट टिमले राष्ट्रको झण्डा अन्तर्राष्ट्रियस्तरमा फहराउन महत्वपूर्ण भूमिका खेलेको बताए ।

पोखरा रङ्गशालामा रहेको क्रिकेट मैदान छिट्टै स्तरोन्नति हुनुपर्ने उल्लेख गर्दै उनले रङ्गशालासहितका क्रिकेट रङ्गशाला स्तरोन्नति हुनसके पर्यटक खोज्न टाढा जान नपर्ने बताउनुभयो । मञ्चका निवर्तमान अध्यक्ष तथा प्रदेश खेलकुद परिषद्का निवर्तमान सदस्य सचिव तेजबहादुर गुरुङले राज्यले के दियो भन्दा पनि खेलाडीले आफ्नो खेल जीवनले दिएको संस्कार बिर्सन नहुने बताए ।

मञ्चका संस्थापक अध्यक्ष खड्गबहादुर रानाभाटले खेलाडीले आफूलाई अघि बढाउन अनुशासनसँगै प्रशिक्षकको निर्देशनलाई पालना गर्दै अघि बढ्नुपर्ने बताए ।

खेलकुदको माध्यमबाट पोखरालाई पर्यटनको हवको रुपमा विकास गर्न पोखरा विमानस्थलको जग्गालाई क्रिकेट स्टेडियमको रुपमा विकास गर्न आवश्यक रहेको उनले बताए । पोखरा क्रिकेट एकेडेमीका अध्यक्ष बविन कुँवरले नेपालले पाएको सफलताले गौरवान्वित बनाएको बताए । रासस

# चक्रवात फ्रेडीबाट पाँच सयको मृत्यु, पाँच लाख विस्थापित

मलावी, ७ चैत

दक्षिण मलावीमा भीषण चक्रवात फ्रेडीबाट पाँच सय जनाको मृत्यु भएको छ भने पाँच लाख आठ हजार दुई सय ४४ नागरिक विस्थापित भएका छन् ।

यसअघि सरकारी विपद् व्यवस्थापन विभागले चार सय ७६ जनाको मृत्यु भएको तथा चार लाख ९० हजार विस्थापित भएका बताएको थियो । आँधीबाट एक हजार तीन सय ३२ जना घाइते भएका छन् भने चार सय २७ जना हराइरहेका जनाएको थियो ।

आँधीबाट देशको राजधानी ब्लान्टायरमा व्यापक क्षति भएको छ । राजधानीका धेरै घर पहिरामा पुरिएका छन् । आँधी प्रभावित क्षेत्रका पुल र सडक भत्किएका छन् । विस्थापित परिवारको व्यवस्थापनका निम्ति तीन सय ३४ केन्द्र खडा गरिएको विभागका आयुक्त चार्ल्स कलेम्बाले बताएका छन् । मलावीको शिक्षा मन्त्रालयले यो महिनाको अन्त्यसम्म विद्यालय बन्द गर्ने घोषणा गरेको छ ।

विस्थापित परिवारलाई विद्यालयमा व्यवस्थापन गरिएकाले पठनपाठन स्थगन गरिएको उक्त मन्त्रालयले जनाएको छ । छिमेकी ताञ्जानिया र जाम्बियाका साथै संयुक्त अधिराज्यको सहयोगमा देशको सुरक्षा बल, प्रहरी र उद्धारकर्मीको टोलीले खोज तथा उद्धारलाई जारी राखेका छन् । सडक सम्पर्कबाट विच्छेद भएका स्थानमा हवाई सेवामार्फत राहत सामग्री, औषधिका साथै उद्धारकर्मी पुऱ्याइएको छ । देशका १५ जिल्ला आँधीबाट प्रभावित भएका छन् भने औसतभन्दा अधिक वर्षा भएर प्रभावितमध्येका तीन जिल्लामा जनजीवन कष्टकर बनेको छ । ती जिल्लामा चक्रवात साम्य भए पनि भारी वर्षा भएको छ ।

चक्रवात प्रभावित क्षेत्रको भ्रमणपछि मलावीका राष्ट्रपति लाजरस चकवेराले विदेशी नियोग, सरकार, स्थानीय एवम् अन्तरराष्ट्रिय संस्था एवम् कम्पनीसँग सहायताका निम्ति अपिल गर्नुभएको थियो ।

राष्ट्रपतिको अपिलअनुरुप ती निकायले सहायता परिचालन गरे पनि त्यो पर्याप्त नभएको राहत तथा उद्धारमा संलग्न अधिकारीहरूले गुनासो गरेका छन् । यसैबीच, दक्षिण अफ्रिकी विकास समुदायले मानवीय सहायतास्वरूप मलावीलाई तीन लाख अमेरिकी डलर उपलब्ध गराउने घोषणा गरेको छ । (रासस/सिन्ह्वा)

# १५ वर्षीया बालिकालाई आठ महिना यौनशोषण

## *आरोपी शिक्षक काभ्रेबाट पक्राउ गरी पुर्पक्षमा पठाइयो*

मधेशदृटि
वीरगंज, ७ चैत। आफ्नै विद्यार्थीलाई यौनशोषण गरेको अभियोग लागेका चितवनका एक शिक्षक पुर्पक्षका लागि कारागार चलान भएका छन्।

चितवन जिल्ला न्यायाधीश वासुदेव न्यौपानेको एकल इजलासले शिक्षक सन्तोष क्षेत्रीलाई पुर्पक्षमा पठाएको अदालतका स्रेस्तेदार ईश्वर आचार्यले जानकारी दिए। उनले थप प्रमाण बुझ्ने काम थुनामा राखेर नै गरिने बताए।



शिक्षक क्षेत्रीले १५ वर्षीया बालिकालाई विभिन्न प्रलोभनमा पारेर पटकटपक यौनशोषण गरेको अभियोग लागेको छ। भरतपुर महानगरपालिका-१२ का क्षेत्रीले नर्सिङको तयारी कक्षा पढाउने नाममा पटकपटक यौनशोषण गरेको जोहरीमा उल्लेख छ। शिक्षकले करिब ८ महिनासम्म आफूलाई धम्काएर यौनशोषण गरेको भन्दै किशोरी जिल्ला प्रहरी कार्यालय पुगेकी थिइन्। स्थायी दरबन्दीमा नाम निकालेपछि गत माघदेखि काभ्रेको भुम्लु गाउँपालिकामा रहेको शारदा माध्यमिक विद्यालयमा विज्ञान विषय पढाउन गएका क्षेत्रीलाई प्रहरीले पक्राउ गरी अनुसन्धान अघि बढाएको थियो।

फागुन ५ गते शिक्षकविरुद्ध प्रहरी कार्यालयमा जाहेरी दर्ता भएपछि प्रहरीले फागुन १० गते उनलाई पक्राउ गरेको थियो। क्षेत्रीले यौनशोषण गर्न भरतपुरमा अलग्गै कोठा लिएका थिए। पटकपटक बलात्कार गरेपछि शिक्षक क्षेत्रीले हरेकपटक पिल्स खान दिने गरेको बालिकाले प्रहरीसँगको बयानमा बताएकी छिन्। भरतपुरको अल्फा बिटा इन्स्टिच्यूटमा नर्सिङ ब्रिजकोर्स पढ्न जाँदा शिक्षक र विद्यार्थीबीच चिनजान भएको थियो। बालिकासँग एकाएक नजिकिएका क्षेत्रीले घुम्न लैजाने, फिल्म हेर्न लैजाने गर्दथे। बालिकाका अनुसार शिक्षक क्षेत्रीले बलात्कार गरेपछि कहीँकतै नभन्नु भनी धम्क्याउने गरेका थिए।

# नेविसंघको तालाबन्दी, अनेरास्ववियुको धर्ना



मधेशदृष्टि
वीरगंज, ७ चैत।
नर्सिङ क्याम्पस वीरगंजमा स्ववियु निर्वाचनका विषयलाई लिएर उत्पन्न विवाद उत्ककर्षमा पुगेको छ। निर्वाचन सम्पन्न भएर मतपरिणाम आएको दुईदिनपछि निर्वाचित स्ववियु सभापतिसहित पदाधिकारी र सदस्यलाई क्याम्पस प्रशासनले प्रमाणपत्र नदिएको र क्याम्पसमा गरिएको तालाबन्दीले पठनपाठन प्रभावित भएको भन्दै स्ववियुमा निर्वाचित तथा अनेरास्ववियुसमर्थक विद्यार्थीले क्याम्पसमा धर्ना दिएका हुन्। निर्वाचित भएको प्रमाणपत्र नदिएर षड्यन्त्र गरिएको भन्दै धर्नामा बसेकाहरुले क्याम्पस प्रमुख र क्याम्पस प्रशासनविरुद्ध प्लेकार्डसहित प्रदर्शन गरेका छन्। उनीहरुले चुनावमा पराजित भएकाले हार स्वीकार्न नसकेर क्याम्पसमा तालाबन्दी गरेकाले पठनपाठन र आउँदै गरेको परीक्षासमेत प्रभावित हुने भएकाले तालाबन्दी खोल्न माग गरेका छन्। स्ववियू निर्वाचनको बहानामा तालाबन्दी गर्न नपाइने र शैक्षिक गतिविधि निर्बाध ढंगले पुनः सञ्चालन हुनुपर्ने धर्नामा बसेका विद्यार्थीहरुको माग छ।

क्याम्पस प्रमुख जमुना भट्टराईले केही विद्यार्थी संगठनहरुले क्याम्पसका विभिन्न शाखामा सोमबार तालाबन्दी गरेका कारण प्रमाणपत्र वितरणमा समस्या भएको बताइन्। प्रशासन शाखामा निर्वाचनसँग सम्बन्धित सबै कागजात रहेको तर तालाबन्दीका कारण त्यहाबाट झिक्न नपाइएकाले प्रमाणपत्र वितरण गर्न नसकिएको बताइएको छ। क्याम्पसनजिकै रहेको वडा प्रहरी कार्यालय विर्ताका प्रहरी निरीक्षक विदुर शिवाकोटीले निर्वाचनका विषयलाई लिएर भएको विवाद सुल्झाउन क्याम्पस प्रमुख र क्याम्पस प्रशासनले विद्यार्थी संगठनसँग छलफल जारी राखेको जानकारी दिए।

नेविसंघले चुनावमा क्याम्पस प्रमुख भट्टराईले धाँधली गरेको भन्दै राजीनामा माग गर्दै सोमबार क्याम्पस प्रमुखको कार्यकक्ष र प्रशासन शाखामा तालाबन्दी गरेको थियो।

# नवाह परायण प्राणप्रतिष्ठा महायज्ञ शुरु



मधेशदृष्टि
वीरगंज, ७ चैत। पर्साको पकहा मैनपुर गाउँपालिका वडा नम्बर ५ सबैठवामा मंगलबारदेखि श्री श्री १००८ श्री नवाह परायण प्राणप्रतिष्ठा महायज्ञ शुरु भएको छ। सबैठवा गाउँवासीको आयोजनामा शुरु भएको महायज्ञको पहिलो दिन कलश यात्रा निकालिएको थियो। गाउँपालिकाका अध्यक्ष सुरेश मेहता र उपाध्यक्ष सरफुन नेशाले कलश यात्रा उद्घाटन संयुक्तरुपमा गरेका थिए। जल यात्रामा कन्याकुमारी तथा महिलाको सहभागिता थियो। सबैठवाबाट निस्केको कलश यात्रा खेस्राहा, भेलहा, लहावरथकरी, भेडियारी, गदियानी, गदियानी पोखरिया हुँदै सिकटा नदीमा जलभरी पुनः यज्ञस्थलमा पुगेको थियो। सुख, शान्ति एवम् समृद्धिको कामना गर्दै आयोजना गरिएको महायज्ञ ९ दिनसम्म चल्ने वडाध्यक्ष बलिराम चौरसियाले जानकारी दिए। यज्ञमा अन्तर्राष्ट्रिय ख्यातिप्राप्त विद्वानद्वारा कथावाचन गरिने र रामलीला प्रदर्शन गरिन महायज्ञ समितिले जनाएको छ।

# एमालेको मिसन ग्रासरुट अभियान

मधेशदृष्टि, वीरगंज, ७ चैत।
नेकपा एमालेको मिसन ग्रासरुट अभियानअन्तर्गत जितपुर सिमरा उपमहानगरपालिका वडा नम्बर ६ को वडा कमिटी बैठक नगौलमा भएको छ। बैठकले ग्रासरुट अभियानलाई टोलमा पुऱ्याउने निर्णय गरेको छ।

वडा अध्यक्ष फजेल हक अन्सारीको सभापतित्वमा सम्पन्न कार्यक्रममा प्रदेस सभा सदस्य देवनारायण चौधरी, प्रदेश कमिटी सदस्य मनोज पौडेल, आसमहमद अन्सारी, विद्या थापा, प्रभुनाथ चौधरी, रवीन्द्र खकुरेललगायतले मन्तव्य व्यक्त गरेका थिए। बैठकले चैत १५ गतेभित्र पार्टी सदस्यता नवीकरण, टोल भेला गर्ने निर्णय गरेको छ। कार्यक्रमको सहजिकरण आजित अन्सारीले गरेका थिए भने बुधकुमारी अधिकारीले स्वागत मन्तव्य व्यक्त गरेकी थिएन्। वडा नम्बर ५ को पनि वडा बैठक कृष्ण चौधरीको अध्यक्षतामा भएको छ।

# निकुञ्जको पाटेबाघले माऱ्यो बाख्रा र पाडो

मधेशदृष्टि
वीरगंज, ७ चैत। पर्साको ठोरीमा गएराति बाख्राको खोरमा पसेको बाघले ६ वटा बाख्रा तथा गोठमा बाँधेको भैँसीको पाडो मारेपछि स्थानीय आतंकित भएका छन्। पर्सा राष्ट्रिय निकुञ्जको जंगलबाट गएराति गाउँ छिरेको पाटे बाघले ठोरीको घ्याङडाँडाका स्थानीय मिकमर लामाको गोठका बाख्रा र पाडा मारेको हो।

राति करिब १२ बजेतिर लामाको गोठमा पसेर पाटे बाघले ६ वटा बाख्रा र एउटा पाडा मारेको स्थानीय बुद्ध पाख्रिनले जानकारी दिए।

मध्यरातमा पाटे बाघले गोठमा आतंक मच्चाएपछि लामाले छिमेकी गुहारेको र बाघ भगाउन अनेक प्रयास गर्दा केही सिप नलागेपछि स्थानीयले पर्सा राष्ट्रिय निकुञ्जका सुरक्षाकर्मीलाई खबर गरेका थिए।

निकुञ्जका सेना, कर्मचारी र स्थानीयको संयुक्त टोली मंगलबार बिहान ४ बजे बाख्राको खोरभित्र पसेको बाघलाई पर्सा राष्ट्रिय निकुञ्जको जंगलमा धपाउन सफल भएको थियो।





# मधेशका सबै वडामा साना मलखाद उद्योग सञ्चालन गर्न प्रस्ताव



मधेशदृष्टि
जनकपुरधाम, ७ चैत। मधेस प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई जैविक प्रविधिको साना मलखाद उद्योग सञ्चालन गर्न प्रस्ताव आएको छ।

प्रदेशका सबै १ हजार २७० वडाहरुमा जर्मनीको वेल्ट हङ्गर हाइल्फ नामक संस्थाको सहयोगमा जैविक प्रविधिबाट अर्गानिक मलखाद, कम्पोष्ट मल, झोल मल उत्पादन गर्न प्रस्ताव आएको हो।यस परियोजनामार्फत सबै वडाहरुमा जैविक प्रविधिको साना उद्योगहरु सञ्चालन हुने बताइएको छ।

उद्योगबाट भएका उत्पादनले रासायनिक मललाई विस्थापन गर्ने र जमीनको उर्वराशक्ति बढ़ाउने भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री बसन्त कुशवाहाले बताए। उनले यस परियोजनाको दातृ संस्थाले जमीन र यसमा प्रयोग हुने शेडबाहेक उद्योग सञ्चालनका लागि आवश्यक सम्पूर्ण सामान, मशीन र प्रविधि उपलब्ध गराउनुका साथै प्रशिक्षणसमेत दिने जानकारी दिए। मन्त्रालयले उद्योग सञ्चालनका लागि ईच्छुक व्यक्ति, समूह र संस्थालाई चैत २५ गतेभित्र सम्पर्क गर्न आग्रहसमेत गरेको छ।

# वृन्दावनमा पाँच दलको रिले अनशन



आरके श्रीवास्तव
गरुडा, ७ चैत।
रौतहटको वृन्दावन नगरपालिकामा पाँच दलले रिले अनशन शुरु भएको छ। नगरप्रमुख विनोदप्रसाद कुर्मीले प्रतिवद्धता जनाएअनुसार माग सम्बोधन नगरेकाले राजनीतिक दलहरुले नगरपालिकाको कार्यालय विश्रामपुरमा रिले अनशन शुरु गरेका हुन्। अनशनमा पाँचदलीय राजनीतिक पार्टीहरु नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी, आमजनता पार्टी र जनता समाजवादी पार्टीको सहभागिता रहेको वडा नम्बर ४ का अध्यक्ष श्यामनन्दन राय यादवले जानकारी दिए।

उनीहरुले आर्थिक वर्ष ७९/८० मा भएको नगर सभादेखि अहिलेसम्मको निर्णय प्रतिलिपि, शिक्षा क्षेत्रमा खर्च गरिएको विवरण तथा उपलब्धी, स्वास्थय क्षेत्रमा खर्च गरिएको विवरण तथा उपलब्धी, करारका कर्मचारी नियुक्तिपत्र र हाजरी रजिष्ट्रको प्रतिलिपिका साथै तलब, कर्मचारी पेश्की विवरण र डोर हाजिरीमा राखिएको कर्मचारीको विवरण मागेका छन्।

यस्तै, अमानतमा बागमती खोलामा उठाइएको कर दाखिला विवरण र बैंक भौचर विवरण, पदपूर्ति समितिको निर्णय र छनौट प्रक्रियाको प्रतिलिपि, २०७९ जेठ महिनादेखि हालसम्म गाडीमा प्रयोग भएको डिजेल पेट्रोलको लगबुकसहित विवरण, नगरपालिका भित्रका सम्पूर्ण बैंक खाताको विवरण पनि माग गरिएको छ।

यस्तै, दर्ता चलानी किताबमा दर्ता चलानी भएको पत्रको प्रतिलिपि, विकास कार्यका सम्पूर्ण योजनाको विवरण र भुक्तानी गरेको सम्पूर्ण कगजातको प्रतिलिपि, हालसम्म भएको खर्च रकमको शीर्षकसहितको मास्केबारी विवरणको प्रतिलिपि पनि सार्वजनिक गर्न माग गरिएको छ। कोरोनापीडितलाई दिइएको रकम विवरणको प्रतिलिपि, यथ्राशिघ्र भूमि वर्गीकरणको निर्णय, नगरवासीको उपस्थितिमा सार्वजनिक सुनवाईको पनि माग गरिएको छ।

अनशनमा वडा नम्बर २ का वडाअध्यक्ष सिकिन्द्र राउन कुर्मी, वडा नम्बर ३ का वडा अध्यक्ष हरिनारायण साह, वडा नम्बर ४ का वडा अध्यक्ष श्यामनन्दन राय यादव, वडा नम्बर ५ का वडा अध्यक्ष फेकु दास पनि सहभागी छन्।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल